National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ४१, २०८२ साल जेठ २७ गते मंगलबार (JUN 10, 2025) www.janaakash.com.np



**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


## कलाकार घनश्याम गौतमको निधन



काठमाडौं- कलाकार घनश्याम गौतमको सोमबार राति निधन भएको छ। राति १२:१० बजे उपचारको क्रममा भक्तपुरको ताथलीस्थित काठमाडौं क्यान्सर सेन्टर अस्पतालमा उनको निधन भएको परिवारले जनाएको छ।

उनी दुईवर्षदेखि आन्द्राको क्यान्सरले पीडित थिए। गौतमको फेसबुक एकाउन्टबाट परिवारले उनको निधनको पुष्टि गरेको छ। राति १ बजेको पोस्टमा फोटो सेयर गर्दै लेखिएको छ- अब हामीमाझ रहनुभएन, हार्दिक श्रद्धाञ्जली ।

चर्चित टिभी सिरियल मेरी बास्सैमा गौतम 'नक्कली प्रचण्ड' पात्रको रुपमा चर्चित थिए । अल्पायुमै संसारबाट बिदा लिएका उनले विभिन्न हास्य शृङ्खला, गाईजात्रा कार्यक्रम तथा स्टेज कार्यक्रममा पनि प्रस्तुति दिएका छन् ।

डेढ महिनाअघि उपचारका लागि सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा भर्ना भएका थिए । अवस्था थप जटिल भएपछि केही दिनअघि ताथलीस्थित काठमाडौं क्यान्सर सेन्टरमा भर्ना गरेको थियो ।

उनको निधनमा कलाकारहरूले सामाजिक सञ्जालबाट श्रद्धाञ्जली व्यक्त गरिरहेका छन् । चलचित्र कलाकार संघका महासचिव सविन श्रेष्ठले सामाजिक संजालबाट शोक व्यक्त गरेका छन्। गौतमको पार्थिव शरीरलाई आज बिहान पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने भएको छ।

# सरकार विरोधीलाई अख्तियारले नछोड्ने




■ **मोहन कार्की**

काठमाडौं- नेपाल देशमा भ्रष्टचार गर्नू हुदैन भन्ने नियम कानून बनाइएको छ । जुन कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कार्यन्वयन गर्ने गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जोसुकैले गल्ती गरेको किन नहोस त्यसलाई कानूनी दायरामा ल्याएर सजाय दिनुपर्दछ । यो अन्तराष्ट्रिय सिद्धान्त हो । नेपालमा पनि त्यो लागु हुनुपर्दछ ।

तर पछिल्लो समय नेपालको सरकारको मातहतमा रहेको अख्तियार अनुसन्धान आयोगले सरकार भन्दा बाहिर रहेका वा नेकपा एमालेमा कुनैपनि वेला सँगै भएका कुरा नमिल्दा सरकार भन्दा बाहिर गएका नेकपा समाजवादी पार्टीका अध्यक्ष पुर्व प्रधानमन्त्री माधव कुमार नेपाल, रास्वपाका सभापति रवि लामिछाने, त्यस्तै अन्य नेकपा एमाले विरोधी भएको वा एमाले विरोधी जस्तो देखिने आउदा दिनमा नेकपा एमाले पार्टीलाई चुनावमा क्षति पुग्ने आकलन गरिएका व्यक्ति, पार्टी, सञ्चार माध्यमलाई समेत सरकारको निर्देशनमा एकपक्षिय ढंगवाट कारवाही गर्ने तरिका अपनाइएको छ । कुनैवेला नेपाली काँग्रेसलाई क्षति पुऱ्याएको प्रतिशोधमा हाल स्वर्गीय त्यतिवेलाका प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले पनि कुनैवेला नेपाली काँग्रेस फुटाएर प्रजातान्त्रिक काँग्रेस बनाएका खुम बहादुर खड्का,

» बाकी ६ पृष्ठमा

## मोहन वैद्य बिरामी, त्रिवि शिक्षण अस्पतालमा उपचार जारी



काठमाडौं- क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका महासचिव मोहन वैद्य किरण बिरामी भएका छन् ।

दमको समस्या रहेका उनलाई पछिल्लो पटक जेठ १८ गतेदेखि त्रिवि शिक्षण अस्पतालमा भर्ना गरेर उपचार गराइराखिएको छ ।

'उहाँलाई आइसियुमा राखेर उपचार गराइएको छ,' उनका आफन्त प्रशान्त वलीले भने, 'अवस्था स्थिर छ । उहाँको उपचारमा डा निरज बम नेतृत्वको चिकित्सक टोली सक्रिय रहेको उनले बताए ।

उनका अनुसार यसअघि अध्यक्ष वैद्यलाई महाराजगन्जस्थित बिपी सामुदायिक अस्पतालमा उपचार गराइएको थियो ।विगत ६ महिनादेखि वैद्यको स्वास्थ्यमा समस्या देखिँदै आएको छ । 'त्यसकारण उहाँ कहिले अस्पताल त कहिले घर आउजाउ गरिरहनु भएको छ,' उनले भने ।

## सकियो दुर्गा प्रसाईंसहित ३९ जनाको बयान

काठमाडौं- काठमाडौंको तीनकुनेमा चैत १५ गते भएको हिंसात्मक प्रदर्शनका घटनामा संलग्न रहेको आरोपमा मुद्दा लागेका संयुक्त जनआन्दोलन समितिले तोकेका जनकमाण्डरु दुर्गा प्रसाईंसहित ३९ जनाको बयान सकिएको छ ।

नवराज सुवेदी नेतृत्वको 'संयुक्त जनआन्दोलन समिति'ले तोकेका जनकमाण्डरुप्रसाईंको नेतृत्वमा आह्वान भएको तीनकुनेको प्रदर्शन हिंसात्मक हुँदा दुई जनाको मृत्यु, निजी घर, सरकारी गाडी, जडिबुटी प्रशोधन केन्द्रमा आगजनी भएको थियो ।

उक्त घटनाको मुद्दा जिल्ला अदालत काठमाडौंका न्यायाधीश ध्रुवराज कार्कीको इजलासमा चलिरहेको छ । ५० जनाविरूद्ध दायर भएको मुद्दामा ३९ जना मात्रै उपस्थित छन् ।


मंगलबार उनीहरूको बयान सकिएको हो । बयान सकिएसँगै बुधबारदेखि थुनछेक बहस सुरू हुनेछ । ५०




जनामाथि राजद्रोह, आपराधिक उपद्रव कसुर र संगठित अपराध कसुरमा मुद्दा दायर भएको थियो । तीमध्ये प्रसाईंसहित ८ जनाविरूद्ध कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगमा पनि मुद्दा दायर भएको हो ।

आपराधिक उपद्रव कसुरमा ११ जनाविरूद्ध अर्को मुद्दा दर्ता भएको

» बाकी ६ पृष्ठमा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ४१, २०८२ साल जेठ २७ गते मंगलबार (JUN 10, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### सञ्चार क्षेत्रको बृद्धि विकासमा जोड गरौं ।

नेपालमा सञ्चार क्षेत्रको बृद्धि विकासमा त्यति चासो सम्बन्धित निकायहरुले गरेको जस्तो देखिदैन । केही केही सुधार भएपनि विश्व परिवेशसँग प्रतिस्पर्धा गर्ने युगमा नेपालको सञ्चार क्षेत्र हिड्न सकेको छैन ।

नेपालमा सरकारको मातहतमा सञ्चालनमा रहेका सञ्चारमाध्यमहरु छन् । जस्तै गोरखापत्र राष्ट्रिय दैनिक, रडियो नेपाल, नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति जस्ता महत्वपूर्ण निकायले जनतालाई सुसुजित गर्ने र व्यवसायिक समेत गरेर संस्थाको रुपमा रहेका सञ्चार माध्यमहरु हुन् । तर यि निकायहरुले विश्व बजारमा आएको प्रविधिहरुको प्रयोग र आफ्नै तरिकाले सञ्चार क्षेत्रको बृद्धि विकास गर्न सकेको देखिदैन । अन्य देशहरुले प्रयोगमा ल्याएका तरिकाहरुलाई पछ्याउदै पछिपछि हिड्नु वाहेक अन्य बृद्धि विकासका कामहरु गरेको देखिदैन ।

त्यसैगरी नीजि लगानीमा सञ्चालन भईरहेका सञ्चार माध्यमहरुले पनि नयाँ ढंगवाट सञ्चार क्षेत्रको बृद्धि विकास गरेको देखिदैन । नीति लगानीमा सञ्चालित सञ्चार माध्यमहरुले आफ्नो व्यवसायिकतालाई मात्र ध्यान दिएको देखिन्छ । सञ्चार माध्मका कारण पत्यक्ष अपत्यक्ष समाजलाई सहयोग पुगेको भएपनि समग्र समाज राष्ट्रको लागि लक्ष्य बनाएर नै नीति क्षेत्रका सञ्चार माध्यमहरुले काम गरेको देखिएको छैन ।

त्यसकारण नेपाली सञ्चार जगतले गर्नुपर्ने काम जस्तो अनुसन्धानमूलक, खोजपुर्ण, तथ्यसँग आधारित बिषयवस्तुहरु खोजेर समाचार बनाउने दिनहरु विस्तारै नेपाली समाजमा हराउदै गएका छन् ।

यसको असरले भोलीका दिनमा नेपाली संस्कृति, नेपालीहरुको आफ्नो मौलिकतामा आच आउने खालका कार्यहरु हुन सक्छन् । त्यस कारण सञ्चार क्षेत्रमा नयाँ प्रविधिको बृद्धि विकास गर्दै समय अनुसारको विकासमा सम्बन्धित निकायहरुले ध्यान दिन जरुरी छ ।

# बिजुली गइरहने देश



**ज्ञानेन्द्र विवश**

> जलस्रोतको दृष्टिले धनी मानिने हाम्रो देश, जहाँ पातपातमा पानी झर्छ । जहाँ हिउँ पग्लिएर, मुहान फुटेर पनि कलकल सफा पानी बग्छ । जहाँ झरना र खोलाको वेगले संगीत गुञ्जाउँछ । त्यही पानीको जगेडाले बिजुली निकालिएको छ । तर निकालिएको बिजुलीमाथि राजनीति हुन्छ । जनताको ढाड सेक्ने प्रपञ्च रचिन्छ । त्यही देशमा जब रात पर्छ, अन्धकारको व्यापार शुरू हुन्छ ।

बिजुली गइरहने देश ! हेर्दाहेर्दैको आँखाले दृश्य केही देख्न नसक्ने अवस्था हुन्छ । बत्ती गएपछि अन्धकारको कालो मुस्लोमा के देख्नु, के हेर्नु ? आँखाले जति नै नियालेर हेरे पनि देखिने भनेको केही बाँकी रहेको हुँदैन । बाँकी नरहेको शून्यतामा कामले नेटो काट्छ । चिनाजानी बिरानो बन्छ । आपसमै टाढापनको आभास हुन्छ । मात्र आवाज सुनिन्छ । दृश्यमय संसार अन्धकारमा विलीन भएको हुन्छ । यस्तोमा डरको मात्रा बढ्न थाल्छ । चोरीडकैतीको साहसचाहिँ बढ्छ । त्यसपछि अन्धकारको संवाद डरलाग्दो हुन थाल्छ ।

अन्धकार छाएको बेलामा आँखाले देख्न छाड्छ तर के साँच्चै देख्न छाड्ने आँखाले मात्र हो ? वा त्यस पलमा जीवनकै दृश्य विलीन हुन्छन् ? जब बत्ती जान्छ, एकाएक संसारको रङ, रूप सबै हराउँछ । आँखा खुला छन् तर शून्य घुरिरहेको हुन्छ । जति नियालेर हेरे पनि देखिने केही हुँदैन र त्यो 'नदेखिने' अवस्थामै जीवनको अर्को पाटो खुल्दै जान्छ ।

दृष्टिको बन्धन हटेपछि ध्वनि हाबी हुन्छ । कोठाको कुनाबाट कसैको सास फेर्ने आवाज आउँछ, पर परबाट टोलको कुकुर भुक्छ, कहिलेकाहीँ आफ्नै मुटुको धड्कन पनि गुञ्जिन थाल्छ । सामान्यतः ती अनौठो सुनिने आवाजहरूले मान्छेलाई त्रस्त पार्छ, निद्रा हराउँछ, सपना भाग्छ ।

अन्धकार दृष्टिको अभाव होइन, त्यो अनुभूतिको अर्को तह हो, जहाँ सम्बन्धहरू पुनः परिभाषित हुन्छन् । चिनाजानी मानिस पनि अपरिचित लाग्छ । एउटै कोठामा बसेका दुईजना एक-अर्कासँग अञ्जानजस्तै हुन सक्छन् । दृष्टिको सुविधा नभएको ठाउँमा सम्बन्ध आवाजमा, सासमा, मौनतामा खोज्नुपर्छ । र, त्यहीँ कतै 'मात्र सुनिने' संवेदना जन्मिन्छ, जहाँ आँखाले भन्दा कानले बढी प्रेम गर्छन्, डराउँछन्, महसुस गर्छन् ।

अन्धकारले दृश्य चोर्छ, तर साथसाथै हामीलाई आफूसँगको अन्तर्मनको संवाद गर्न बाध्य बनाउँछ । जब बाह्य दृश्य हराउँछ, तब भित्रको दृश्य खुल्छ । कामको थकान, सम्बन्धको चिसोपन, मनको बोझ यी सबै अन्धकारमा झनै स्पष्ट देखिन थाल्छन् । आँखाले केही नदेख्दा हृदयले सबै देख्न थाल्छ । शायद यसैले अन्धकार कहिलेकाहीँ डर लाग्दो होइन, बरु शुद्ध पार्ने शक्ति हो । त्यो समय हो, जब हामी 'देखिने' दुनियाँको भ्रमबाट अलग भई 'सुनिने' जीवनको गहिराइमा पसेर आफैँसँग भेटिन्छौं ।

शून्यमा पनि जीवन हुन्छ अन्तर्यात्रा गर्ने, आफैँसँगको सम्बन्ध गाँस्ने र त्यो मौनतामा पनि अर्थ खोज्ने । अन्धकार, अन्ततः दृष्टिको अन्त होइन, अनुभूतिको आरम्भ हो । त्यसका लागि हामी सबैले प्रश्न गर्नुपर्छ, आवाज उठाउनुपर्छ । सबैभन्दा जरुरी कुरा स्मरण राख्नुपर्छ कि एउटा कर्मचारी फेरिनु केवल व्यक्तिको हेरफेर होइन, यो सिद्धान्त, दृष्टिकोण र निष्ठाको परीक्षाफल हो । दिइरहेको कुनै सुविधा वा बलिरहेको बत्ती कटौती गरिँदा कालो छायाले पनि तर्साउन थाल्छ । जीवनधाम तहसनहस हुन थाल्छ भन्ने कुराको ख्याल गर्नुपर्छ । त्यो परिवर्तन होइन, अस्तव्यस्तता हो । फेरिँदैन कहिल्यै लय, फेरिन्छ केवल अनुहार । भनौं नीति जस्ताको तस्तै, निर्णय त्यहीँ पुरानै । तर फेरिएको देखाएर अन्धकारलाई नै सामान्य बनाउने चलन चलेको छ ।

अब प्रश्न उठ्छ, के यस देशमा कहिल्यै बिजुली जानै छाड्छ ? कि हामी सधैँ अन्धकारमा बाँच्नै बानी परेका छौं ? के अब हामीले लोडसेडिङको तालिका हेरेर काम गर्नुपर्ने अवस्था आउँछ ? के हामीले उज्यालोलाई मात्र देख्न सिकेका छौं, तर त्यसलाई जोगाउन कहिल्यै सोच्दैनौं ? अथवा के उज्यालो आफैँ हामीबाट डराउन थालेको हो ? उज्यालोलाई हामीले किन निरन्तरता कायम राखिराख्न सक्दैनौं कि जान्दैनौं कि वा बुझ पचाएर जनतामा कालो दिनको बोझ बोकाउन मन पराउँछौं?

बिजुली जाने यो चलन केवल प्रविधिको समस्या होइन, यो चेतनाको प्रश्न हो । जबसम्म हाम्रो चेतना प्रज्वलित हुँदैन, तबसम्म यो देश उज्यालोको सपना देखिरहनेछ र हरेकचोटि अन्धकारलाई नियति ठानिरहनेछ । चलनचल्तीबाटै बिरानिइसकेका टुकी, टर्चलाइट खोजेर अँध्यारो भगाउने क्षणिक उपाय पनि कतिन्जेलका लागि हो र ?

यसैले अब ट्रान्सफर्मर, पोल वा तारको मर्मत होइन, आवश्यक छ सोचको मर्मत, संस्कारको जडान र सिस्टमको फेरबदल । तब मात्र त्यो दिन आउनेछ जब न रुख ढल्दा, न पानी पर्दा, न कर्मचारी बदल्दा, न चोरी हुँदा बिजुली जाँदैन, देशमा उज्यालो निरन्तर बास बस्छ । अँध्यारो आएर कसैले अन्धो हुनुपर्दैन । अँध्यारोमा कसैले छामछुम गर्दै हिँड्नुपर्दैन । त्यसपछि अन्धकारको विरुद्ध उज्यालोले व्यापार गरेर अनावश्यक पैसा कुम्ल्याउन पनि पाउँदैन ।

जलस्रोतको दृष्टिले धनी मानिने हाम्रो देश, जहाँ पातपातमा पानी झर्छ । जहाँ हिउँ पग्लिएर, मुहान फुटेर पनि कलकल सफा पानी बग्छ । जहाँ झरना र खोलाको वेगले संगीत गुञ्जाउँछ । त्यही पानीको जगेडाले बिजुली निकालिएको छ । तर निकालिएको बिजुलीमाथि राजनीति हुन्छ । जनताको ढाड सेक्ने प्रपञ्च रचिन्छ । त्यही देशमा जब रात पर्छ, अन्धकारको व्यापार शुरु हुन्छ ।

बिजुली जानु अब कुनै अनौठो घटना होइन । 'लोडसेडिङ' को आदत हामीलाई यति गहिरो परेको छ कि अँध्यारो देख्नेबित्तिकै बत्ती फर्किने आशामा आँखाले घडी हेर्छ, कानले ट्रान्सफर्मरको आवाज सुन्छ र मनले लामो सास फेर्छ । तर यथार्थ के हो भने, जलस्रोतले भरिएको देशमा पानी बग्छ । तर बत्ती बल्दैन ।

कलकारखाना, जुन देशको अर्थतन्त्रको मेरुदण्ड हुन सक्थे, अन्धकारले घिसार्दै लगेको हुन्छ । जब मोटर चल्दैन, जब मेसिन थपक्क थन्किन्छ, तब रोजगारीको रेखा मेटिँदै जान्छ । हजारौं हात बेरोजगार भई घर फर्किन्छन् । अनि यति धेरै पानी भएर पनि देशको उत्पादन खडेरीले सुकेझैँ सुख्खा भएर सुक्छ । अन्धकारको आधिपत्यले काम तमाममा बाधा पार्छ । आज सकिने काम भोलि हुन पनि मुस्किल पर्छ । समय त्यत्तिकै खेर जान्छ । मान्छे अल्छीको दास हुन पुग्छ । सिर्जनशीलता मर्न थाल्छ ।

उत्साहमय ऊर्जामा माकुराले जालो हाल्छ । कार्यालयका फाइलहरू अड्किन्छन्, कम्प्युटरका स्क्रिनहरू अन्धकारमा हराउँछन् । निर्णयहरू ढिलाइ हुन्छन्, नीति बनाउनेहरू निष्क्रिय हुन्छन् । अनि यो शून्यताभित्र इन्भर्टरको व्यापार एक व्यापार चम्किन्छ । इन्भर्टरको माग आकाशिन्छ । बजारमा यिनको मोल झनै महँगो हुन्छ, नाफा उठाउँछ । जसको बिजुली नहुनुमा प्रत्यक्ष लगानी छैन, तर उसैले पूरा लाभ उठाउँछ । इनभर्टर आयातकर्ता, व्यापारी र विदेशी कम्पनीहरू अन्धकार बेच्न पाएर मुस्कानमा हुन्छन् ।

परन्तु घाटा कसको ? घाटा त्यो किसानको, जसको ट्युबवेल बिजुली नपाएर थलिन्छ । घाटा त्यो विद्यार्थीको, जसको किताब टुकीको उज्यालोमा मुस्किलले देखिन्छ । घाटा त्यो युवाको, जसले इन्टरनेटको भरमा नयाँ ज्ञान सिक्न चाहन्छ । घाटा त्यो साना-मझौला उद्योगीको, जसले न रोजगारी दिन सक्यो, न फाइदा उठाउन पायो । घाटा त्यो राष्ट्रको, जसको गर्व थियो- 'हामी जलस्रोतमा धनी छौं ।'

अन्ततः धन त छ, तर व्यवस्थापनको अभाव छ । स्रोत त छ, तर सोचको अपुग छ । खोलाहरू त बगिरहेका छन्, तर हाम्रो नेतृत्वमा चेतनाको निकास छैन । यद्यपि गफको कमी छैन । कोही भन्छन्- लोडेसडिङ भारतले हटाएको हो । कसैले जश नलिए हुन्छ । कोही भन्छन्- लोडसेडिङ मेरै कारणले हटेको हो, यसमा कसैले मैले हटाएको भनेर झुटो नबोले हुन्छ ।

आखिर हामी अन्धकारमा बाँच्न सिक्दै छौं । तर त्यो बचाइ जीवन होइन, अस्तित्वको नाममा आत्मसमर्पण हो । बिजुली बग्ने खोलाहरू, अनि थलिएका उद्योगहरू, सञ्चार सुविधाबाट वञ्चित समुदायबीच अब प्रश्न उठ्छ । के हामी जलस्रोतका मालिक हौँ वा अन्धकारका उपभोक्ता ? जबसम्म उज्यालोका ठेकेदारहरू इन्भर्टर बेच्नेलाई हेरेर देशको नाफा नाप्छन्, तबसम्म अन्धकारकै ऊर्जा चलिरहन्छ । पानी बगिरहन्छ । उज्यालोले अँध्यारोलाई ज्योर्तिमय पार्ने दिन टाढिँदै जान्छ ।

नेपाल जलका स्रोतले भरिपूर्ण, तर प्यासले प्याकप्याक्ती जनताको पीडामा डुबेको एक अनौठो देश । खोलानाला विनारोकावट बगिरहेका छन्, कहिले त उपत्यकाका कुना-कन्दरामा बेवास्ताजस्तै गरेर झरिरहेका छन् । कहिले ती पहाडका काख चिरेर समथरतिर लम्किरहेका छन् । तर ती सबै बगाइको कुनै उपयोग छैन । न कुनै सिँचाइ, न कुनै सरसफाइ, न कुनै ऊर्जा । सत्तामा बस्नेहरूका योजनाको अभाव, सोचको संकुचन र कामको कमजोरीले ती पानीका धाराहरू केवल बग्ने रमिता बन्न पुगेका छन् । कति ठाउँमा बगाएर प्रकृति र जीवनकै विनाश पनि गरेका छन् ।

रमणीय, सुन्दर तालहरू छन् । तर सुन्दरतालाई कामको उपयोगमा बदल्न नसक्दा, ती पनि बस तालमै जमिरहेका छन् । मेची, कोशी, गण्डकी, कर्णाली ती गड्गडाउने छालहरू हामीलाई स्मरण गराउँछन् कि हामी पानीमा धनी हौं । तर ती नदीनालामा बगेका अवसरहरू, योजनाहीनताले बगेका सपनाहरू हुन् ।

यो कस्तो विडम्बना ! पानीको देशमा प्यासको त्रास । काठमाडौंका गल्लीदेखि तराईका टोलसम्म पानीको लागि हाहाकार छ । धारामा झर्न नसकेको पानी, ट्यांकरको पानी किनेर ट्यांकी भर्नुपर्ने दिन । सस्तो मूल्यमा न आउँदो पानी अब सुनजस्तै महँगो भइरहेको छ । जब पानी पाइँदैन, प्यास त लाग्ने नै भयो । तर त्यो प्यास मात्र प्यासको होइन, त्यो प्यास हो व्यवस्थाको, त्यो प्यास हो विकासको, त्यो प्यास हो समृद्धिको !

घरभित्र अन्धकार छ । अघोषित 'लोडसेडिङ' ले बालबालिकाको पढाइ रोकिएको छ, अस्पतालमा औजार चल्दैनन्, उद्योग ठप्प छन्, अनि जनताको धैर्यताको परीक्षा लिइरहिएको छ । यस्तो अवस्थामा हामी विकसित देशको उकालो फड्को मार्दैछौं कि पाषाण युगतिर ओरालो झर्दै छौं ? के हामी यत्तिकै सहिरहने हो ? खोला बग्दाबग्दै अर्कैको जलसम्पदा हुन पुगेका छन् । तालको पानी थुनिदै थुनिएर सुक्न थालेको छ । जनताको प्यास झन्-झन् तिखारिँदै गएको छ । खै, कहिले आउला त्यो दिन जब खोलानालाको बगाइ योजनामा बाँधिनेछ ? तालको पानी उपयोगको निम्ति चलाइनेछ ? बिजुलीले घरघरमा उज्यालो दिनेछ ? जनताको अनुहारमा साँचो अर्थमा उज्यालोको सौन्दर्यमय सन्तुष्टि झल्किनेछ ? रोकिएका कामहरू सुचारु हुनेछन् । सर्वत्र खुशीको उत्सव मनाइनेछ ।

नेपालले आफ्नो पानी चिन्नुपर्छ स्रोत होइन, शक्ति हो यो । त्यो शक्तिबाट जनताले प्रत्यक्ष फाइदा लिन सक्दा सार्थक हुन्छ । अन्यथा पानीको देशमा प्यास सधैँ एक त्रासदीको कथा बन्दै जान्छ । बिजुली गइरहने देशको पहिचानमा विश्वमै लाजमर्दो नाम कायम रहन्छ ।

रामेछाप डायरी

# रामेछाप नगरपालिकाको ९ वटै वडा बालमैत्री स्थानिय शासनयुक्त वडा घोषणा






रामेछापको रामेछाप नगरपालिकाको ९ वटै वडा बालमैत्री स्थानिय शासनयुक्त वडा घोषणा भएको छ । मंगलबार नगरपालिकाको सबै वडाहरुलाई एकैसाथ बालमैत्री स्थानिय शासनयुक्त वडा घोषणा गरिएको हो । वडा नं १ गोठगाउँ,वडानं २ देउराली,वडा नं ३ साँघुटार,वडा नं ४ हिमगंगा,वडा नं ५ रामपुर,वडा नं ६ ओखेनी,वडा नं ७ सुकाजोर,वडा नं ८ रामेछाप र वडा नं ल्याङ्गल्याङ्गलाई बालमैत्री घोषणा गरिएको हो ।

सबै वडाहरुको सूचक पुरा भएर जिल्ला समन्वय समितिबाट अनुगमन भैसकेपछि सबै वडालाई एकैदिन बालमैत्री घोषणा गरिएको हो । सबै वडाहरुले २०७९ असोज २६ गतेदेखी बालमैत्री स्थानिय शासन अवलम्बन गरी बालअधिकारको क्षेत्रमा सक्रिय रुपमा काम गरिरहेका छन । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा व्यवस्था भएका ५१ सूचक पूरा गर्दै नगरपालिकाका ९ वटै वडा बालमैत्री वडा घोषणा भएको हो ।

वडा नं १ मा भएको कार्यक्रममा रामेछाप नगरपालिकाका निवर्तमान उपप्रमुख सृजना खड्काको प्रमुख आतिथ्यता रहेको थियो । वडा नं २ मा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख प्रेम सागर थापाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । वडा नं ३ मा भएको कार्यक्रममा रामेछाप नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाईको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

वडा नं ४ मा रामेछाप नगरपालिका प्रमुख लबश्री न्यौपाने,वडा नं ५ मा जिल्ला समन्वय अधिकारी हरि कृष्ण फुयाल र वडा नं ६ मा प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । यसैगरी वडा नं ७ मा निवर्तमान उर्जा जलश्रोत तथा सिँचाई राज्य मन्त्री पूर्ण बहादुर तामाङ्ग(कान्छाराम) को प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । वडा नं ८ मा शिक्षा समन्वय इकाई प्रमुख नेत्र प्रसाद गजुरेल र वडा नं ९ मा बाग्मती प्रदेश सभा सदस्य तारा नारायण श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

जिल्लामै पहिलो पटक रामेछाप नगरपालिकाका ९ वटै वडा बालमैत्री घोषणा भएका हुन । नगरका सबै वडाहरुले बालमैत्री घोषणाका लागि आवश्यक शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधारलगायतका सूचक पूरा गरेको हो । वडा घोषणा पश्चात बाग्मती प्रदेशमा सबै प्रतिवेदन पठाइने र उक्त प्रतिवेदन अनुमोदन भएपछि नगरपालिकालाई नै बालमैत्री घोषणा गरिने छ । घोषणा कार्यक्रममा सहभागीहरुले बालमैत्रीलाई दिगोपना दिन प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन ।

# चितुवाको आक्रमणबाट ६ वर्षीय बालकको ज्यान गयो



तनहुँ- तनहुँको बन्दिपुर गाउँपालिका-२ कुवादीमा चितुवाको आक्रमणबाट एक ६ वर्षीय बालकको ज्यान गएको छ ।

स्थानीय दलबहादुर गुरुङका छोरा उत्सव गुरुङ आफ्नै घरको आँगनमा बसेको बेला सोमबार अन्दाजी साँझ ७:३० बजे अचानक जंगली चितुवाले आक्रमण गरेको जिल्ला प्रहरी कार्यालय तनहुँका डीएसपी अशोक थापाले जानकारी दिए ।

आक्रमणमा गम्भीर घाइते बालकलाई तुरुन्तै बन्दीपुर अस्पताल लगिएको थियो । तर, उपचारका क्रममा साँझ ८:२० बजे डाक्टरले मृत घोषणा गरेका थिए ।

चितुवा आक्रमणको घटनाले स्थानीयवासीमा त्रास फैलिएको छ । घटनापछि प्रहरी र वन कार्यालयको टोली घटनास्थलमा पुगेर अनुसन्धान कार्य अघि बढाएको छ ।

# अमेरिकाबाट बोरा बोकेर फर्किए नेपाली

काठमाडौं- अमेरिकाबाट डिपोर्ट गरिएका नेपालीहरु बोरा बोकेर फर्किएका छन् । उनीहरु आइतबार मध्यराति बोरा बोकेर त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थलबाट बाहिरिएका थिए । कतिपय रित्तो हात फर्किएका थिए ।

अध्यागमन कानुन उल्लंघन गरेको भन्दै अमेरिकाले डिपोर्ट गरेका ३७ जना नेपालीहरु गएराति काठमाडौं फर्किएका थिए । उनीहरुलाई अमेरिकाले चार्टर्ड विमानमार्फत् काठमाडौं ल्याएर छाडेको हो ।

अमेरिकाले पछिल्लोपटक डिपोर्ट गरेका ३२ पुरुष र ५ महिला गरी ३७ जना नेपाली गएराति फर्किएको वरिष्ठ अध्यागमन अधिकृत एवम् त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रवक्ता अञ्जन न्यौपानेले अनलाइनखबरलाई जानकारी दिए ।

उनीहरुलाई हत्कडी लगाइएको थियो कि थिएन भन्ने खुलेको छैन । प्रवक्ता न्यौपानेले, 'हाम्रो इमिग्रेसनमा आउँदा सामान्य थिए, विमानमा के थियो थाहा हुने कुरा भएन ।'



गएराति करिब ९ बजेतिर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएका उनीहरु बाहिरिँदा करिब १२ बजेको थियो ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्लोपटक सत्ता सम्हालेपछि अमेरिका सरकारले आप्रवासीहरुमाथि कडाइ गर्दै आएको छ । भिसा प्रक्रिया पूरा नगरेका, भिसा अवधिभन्दा बढी समय बसेका र चालचलन राम्रो नभएकाहरुलाई अमेरिकाले नियन्त्रणमा लिएर उनीहरूकै देश फर्काउने गरेको छ । अमेरिकाले कतिपय देशका नागरिकहरुलाई हतकडी र नेल लगाएर फर्काएका समाचारहरु सार्वजनिक हुने गरेका छन् ।

ट्रम्प दोस्रोपटक राष्ट्रपति बनेपछि सन् २०२५ को जनवरी २० देखि मे महिनाको अवधिमा १४० जना नेपालीलाई अमेरिकाले डिपोर्ट गरिसकेको छ ।

अमेरिकाबाट डिपोर्ट हुने नेपालीहरूको संख्या बढ्दो छ । जनवरीमा ६, फेब्रुअरीमा २०, मार्चमा ३०, अप्रिलमा २६ र मे महिनामा ५८ जना नेपाली अमेरिकाबाट डिपोर्ट भएको अध्यागमन विभागको तथ्यांक छ ।

डिपोर्ट हुनेहरूमा दलाललाई मोटो रकम बुझाएर अवैध रुपमा अमेरिका प्रवेश गर्नेहरु धेरै रहेको स्रोतले जनायो ।

अमेरिकाबाट सन् २०२१ मा ३५, सन् २०२२ मा २२, सन् २०२३ मा २४ र सन् २०२४ मा ५२ जना नेपाली अमेरिकाबाट डिपोर्ट भएको अध्यागमन विभागको तथ्यांक छ ।

डिपोर्ट भएकाहरूलाई मानव बेचबिखन नियन्त्रण ब्युरोले सामान्य सोधपुछ गरेर घर जान दिने गरेको छ । दलालविरुद्ध कसैले उजुरी दिएमात्र अनुसन्धान प्रक्रिया सुरु हुने गरेको छ ।

# गुल्मी खेलकुद विकास समिति कर्मचारीविहीन

गुल्मी- झन्डै डेढ वर्षदेखि गुल्मी जिल्ला खेलकुद विकास समिति कर्मचारीविहीन भएको छ ।

कार्यालय प्रमुखको रूपमा रहेका डिल्ली बिक २०८० माघमा सरुवा भएयता गुल्मी खेलकुद विकास समिति कर्मचारीविहीन बनेको हो ।

खेलकुद विकास समिति गुल्मीमा प्रमुखसहित एक जना लेखा अधिकृत, कम्प्युटर अपरेटर र एक जना प्रशिक्षकको दरबन्दी भए पनि कार्यालय कुर्न अहिले एक जना कार्यालय सहयोगी मात्रै छन् ।

समग्र जिल्लाको खेलकुद विकासको क्षेत्रमा काम गर्ने विकास समिति लामो समयदेखि कर्मचारीविहीन हुँदा पनि जनशक्ति व्यावस्थापन हुन सकेको छैन ।

तेक्वान्दो, कराँते, भलिबल, एथ्लेटिक्स, बक्सिङ, उस्सु लगायतका प्रशिक्षक हुनुपर्ने भए पनि स्वयंसेवकहरूले प्रशिक्षण दिइरहेका छन् ।




जिल्लामा खेलकुद क्षेत्रको विकास र समृद्धिमा काम गर्ने प्रमुख संस्था नै जनशक्ति र प्रशिक्षक विहीन हुँदा खेलाडीहरू निराश छन् ।

काम चलाउ रूपमा कार्यालय सहयोगीलाई तलब खुवाउने बाहेक करिब एक वर्षदेखि आर्थिक तथा प्रशासनिक कुनै काम गर्न नसकिएको समितिका अध्यक्ष गिरीप्रसाद महाकिमले बताए ।

कार्यालय प्रमुख र प्रशिक्षकका विषयमा राष्ट्रिय खेलकुद परिषद्मा जानकारी गराए पनि कुनै टुंगो नभएको महाकिमले बताए ।

जिल्ला खेलकुद विकास समिति गुल्मीले धेरै वर्षदेखि कर्मकान्डी रूपमा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मात्रै गराउँदै आएको छ ।

लुम्बिनी खेलकुद परिषद्का सदस्य महेश काउछाले जिल्ला खेलकुद विकास समिति प्रमुखविहीन हुँदा काम गर्न कठिनाइ भएको बताए ।

# नेपाल बैंकका पूर्वअध्यक्ष अधिकारी विरुद्ध एकै दिन तीन भ्रष्टाचार मुद्दा

काठमाडौं- ऋण लिने सेवाग्राहीसँग घुस मागेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल बैंक लिमिटेडका तत्कालीन अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले नेपाल बैंकको तत्कालीन सञ्चालक समिति अध्यक्ष अधिकारीमाथि १९ लाख रुपैयाँ घुस लिएको आरोप लागेको हो । उनले भैरहवामा सञ्चालन हुन लागेको ग्याडिसन प्रोजेक्टलाई ऋण दिने क्रममा १९ लाख रुपैयाँ घुस लिएको आरोप छ ।

भुसाल हस्पिटालिटीका अध्यक्ष बालकृष्ण भुसालले ऋणका लागि नेपाल बैंक लिमिटेडमा प्रक्रिया अघि बढाएका थिए । त्यसक्रममा नेपाल बैंकका अध्यक्ष चन्द्रबहादुर अधिकारीले ह्वाट्सएपमार्फत कुराकानी र भेटघाट गरेर घुस मागेको अख्तियारको आरोप छ ।

अख्तियारले गत माघमा नै उनको घरमा छापा मारेर त्यो रकम बरामद गरेको थियो । उनले त्यो रकम आफ्नो सवारीचालक नसीब




अन्सारीमार्फत लुकाएका थिए ।

अख्तियारले तत्कालीन अध्यक्ष अधिकारी, सवारीचालक नसिब अन्सारी अनि घुस दिएको आरोप लागेका बालकृष्ण भुसाल, उनका छोरा अंकित भुसाल र अमृत भुसालमाथि समेत मुद्दा चलाएको हो ।

अख्तियारले उनीमाथि नै मंगलबार थप दुईवटा आरोप लगाएर मुद्दा दायर गरेको छ । उनीमाथि हिमाल-तराई कन्स्ट्रक्सन प्रालिलाई ऋण दिँदा ५ लाख रुपैयाँ घुस लिएको अर्को आरोप छ । त्यसैगरी हिमाल-तराई कन्स्ट्रक्सनलाई ऋण दिँदा ५० लाख रुपैयाँ घुस खाएको तेस्रो आरोप पनि छ ।

# सडकमा गाडी रोकेर सामान बेच्ने ३ गाडीलाई ४५ हजार जरिबाना



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले सडकमा गाडी रोकेर सामान बिक्री गरेको भन्दै ३ सवारीसाधन नियन्त्रणमा लिएर कारबाही गरेको छ ।

महानगर प्रहरी टोलीले वडा नम्बर १५ स्वयम्भूस्थित सवारी आवागमन तथा पैदल यात्रुलाई असहज हुने गरी सडक पेटी अतिक्रमण गरेर सामान बेचेको भन्दै १५ हजारका दरले ४५ हजार रुपैयाँ जरिवाना तिराएको हो ।

महानगर प्रहरीले सडकमा सवारी साधन रोकर सामान बेच्ने र सडक पेटीमा सामान बेच्दा कारबाही गर्दै आएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ४१, २०८२ साल जेठ २७ गते मंगलबार (JUN 10, 2025)


# टिकटकद्वारा "फर यु फीड"(FYF) लाई अझ व्यक्तिगत र सुरक्षित बनाउने नयाँ टुलहरू सार्वजनिक

काठमाडौं- टिकटकले "फर यु फीड" (FYF) लाई अझ व्यक्तिगत बनाउन युजरहरूलाई अझ धेरै नियन्त्रण दिने नयाँ टुलहरू ल्याएको छ ।

यी अपडेटहरू टिकटकको प्रयोगकर्ताहरु लाई बलियो बनाउने निरन्तर प्रतिबद्धताको हिस्सा हुन्, जसले मानिसहरूलाई आफ्ना रूचिहरू अनुसार अझ गहिरो रूपमा खोजी गर्न, नचाहिएका कन्टेन्टहरू सीमित गर्न र सिफारिसले कसरी काम गर्छ भन्ने कुरा बुझ्न सहयोग गर्छ ।

FYF टिकटक एक्सपिरियन्सको केन्द्रबिन्दु हो जसले मानिसहरूलाई कन्टेन्ट, कम्युनिटी र उनीहरू लाई मनपर्ने क्रियटरहरूसँग कनेक्ट गर्दछ । नेपालमा पनि यसले नयाँ पुस्ताका क्रियटर र उद्यमीहरूको अडियन्स बढाउने र आफ्नो करियर विस्तार गर्न सहयोग पुऱ्याएको छ ।

सारिका न्यौपाने (Lil.foodie) को खाना सम्बन्धी कन्टेन्टदेखि सिम्पल खरेलका ट्रेन्डी र एस्थेटिक भिडियोहरू, भास्कर महर्जन (Roaming Around Nepal) का यात्रा र गन्तव्य सम्बन्धी टिप्सदेखि (Wangyalcoolfilmy) का फिल्म रिभ्यू अनि सुभम र स्वेक्षा (Love.eat.repeatt) का खाना सम्बन्धी




कन्टेन्टहरूसम्म,FYF मार्फत देशभरका क्रियटरहरू फस्टाइरहेका छन् ।

रूचिहरू व्यवस्थापन गर्ने नयाँ तरिका - म्यानेज टपिक्स टिकटकले म्यानेज टपिक्स

नामक नयाँ फिचर ल्याएको छ, जसले योगकर्ताहरुलाई क्रियटिभ आर्ट्स, ट्राभल, नेचर, स्पोर्ट्स लगायत १० भन्दा बढी लोकप्रिय श्रेणीका भिडियोहरू कति पटक देखिने भनेर समायोजन गर्न मद्दत गर्छ ।

कन्टेन्ट पूर्ण रूपमा हटाइने छैन, तर अब युजरले आफ्नो बदलिँदो रूचि अनुसार भिजिबिलिटी मिलाउन सक्छन् र यसले आफूले रुचाउने विषयका क्रियटर खोज्न सजिलो हुनेछ ।

# ग्लोबल आइएमई बैंकद्वारा प्लाष्टिक फोहोर संकलनसहित हाइकिङ कार्यक्रम आयोजना

काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले विश्व वातावरण दिवसको अवसरमा प्लाष्टिक फोहोर संकलन गर्ने उद्देश्यले कीर्तिपुरको मच्छेगाउँदेखि चम्पादेवी मन्दिर परिसरसम्मको एक दिने हाइकिङ कार्यक्रम आयोजना गरेको छ ।

कीर्तिपुर नगरपालिका र नेपाल रेडक्रस सोसाइटी, कीर्तिपुर शाखासँगको सहकार्यमा आयोजित सो कार्यक्रमका दौरान करिब १५० केजी प्लाष्टिक फोहोर संकलन गरिएको थियो । साथै, हाइकिङ रुटअन्तर्गतका विभिन्न स्थानमा फोहोर संकलनका लागि स्थानीय समुदायले उत्पादन गरेका बाँसको डोका (डस्टबिन) समेत राखिएको छ, जसले दीर्घकालीन फोहोर व्यवस्थापनमा योगदान पुऱ्याउने विश्वास लिइएको छ ।



फोहोर संकलनपश्चात् उक्त फोहोर नगरपालिकाको फोहोर व्यवस्थापन केन्द्रमा हस्तान्तरण गरिएको थियो । उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, कीर्तिपुर नगरपालिका प्रतिनिधिहरु, नेपाल रेडक्रस सोसाइटी, कीर्तिपुर शाखाका पदाधिकारी, बैंकका कर्मचारी तथा स्थानीय स्वयम् सेवकहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

ग्लोबल आइएमई बैंकले बैंकिङ सेवाका अतिरिक्त स्वदेशी उत्पादनको प्रवर्द्धन, जलवायु परिवर्तन असर न्यूनीकरण, वातावरण संरक्षण तथा दिगो विकासमा विशेष योगदान दिँदै आएको छ । विश्व वातावरण दिवसकै सन्दर्भमा बैंकले देशभर वृहत् बृक्षारोपण कार्यक्रम पनि सम्पन्न गरेको छ ।

आफ्नो १८औँ वार्षिकोत्सवको अवसरमा बैंकले मुलुकभर १८ हजार वृक्षारोपण गर्ने लक्ष्यसहित विभिन्न स्थानमा बृक्षारोपण कार्यक्रम सञ्चालन गरेको हो । बृक्षारोपणले वातावरण संरक्षणका साथै जलवायु परिवर्तन न्यूनीकरण तथा स्थानीय समुदायको आय-आर्जनमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास बैंकले लिएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८५ एटिएम, २०२ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# प्रभु बैंक र होटल यार्शाबीच छुट सम्बन्धि सम्झौता




काठमाडौं- प्रभु बैंक र होटल यार्शाबीच बैंकका ग्राहक तथा कर्मचारीहरुलाई आकर्षक छुट अफर उपलब्ध गराउने सम्बन्धि सम्झौता गरीएको छ ।

होटल यार्शा शान्त र सुन्दर जिरी नगरमा अवस्थित एक प्रख्यात होटल हो । यो अफर जिरी नगरको पर्यटन प्रवर्द्धन गर्ने उद्येश्यले ल्याइएको हो । जिरीलाई सगरमाथाको प्रवेशद्वार भनेर पनि चिनिन्छ ।

यस सहकार्य अन्तर्गत प्रभु बैंकका ग्राहक तथा कर्मचारीहरुले होटल यार्शामा निम्न छुटहरु पाउन सक्नुहुनेछ ।

. **होटल कोठामा १५५ छुट**

. **खाना तथा पेय पदार्थमा ५५ छुट**

यी छुट अफरहरुले ग्राहकहरुलाई गुणस्तरीय सेवा सस्तो मूल्यमा लिन सहगोग गर्नेछ ।जिरी स्वच्छ हावा, शीतल मौसम र प्राकृतिक सौन्दर्यका लागि प्रसिद्ध छ ।

यो स्थान पदयात्राका लागि, पारिवारिक घुमघामका लागि र शान्त वातावरण तथा रोमाञ्च खोज्ने जोकोहीका लागि उपयुक्त गन्तव्य हो ।

# बिजबजार र बन्दीपुर केबलकार बीच सहकार्य

काठमाडौं- केबलकार एण्ड टुरिजम लिमिटेडबिच बजार प्रवर्द्धन सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । २०८२ साल जेठ २१ गते सम्पन्न उक्त सम्झौतामा बिजबजारको तर्फबाट प्रमुख कार्यकारी अधिकृत उत्सव ढकाल र बन्दीपुर केबलकारको तर्फबाट महाप्रबन्धक रोमन मान श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।

सो सम्झौता अनुसार बिजबजारका ग्राहकहरूले बन्दीपुर केबलकारको टिकटमा २५ प्रतिशतको विशेष छुट प्राप्त गर्न सक्नेछन् । त्यस्तै, बन्दीपुर केबलकारका सेवाग्राहीहरूले बिजबजारमार्फत सामान खरिद गर्दा फ्ल्याट १५ प्रतिशतको छुट प्राप्त गर्नेछन् । उक्त साझेदारीले आन्तरिक पर्यटन र डिजिटल व्यापार दुवैको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।




# एनसेल फाउन्डेसनको वेस्ट ह्याकाथनमा थापाथली क्याम्पसका विद्यार्थीले मारे बाजी

काठमाडौं- विश्व वातावरण दिवसका अवसरमा एनसेल फाउन्डेसनले खाली सीसी र बुढानीलकण्ठ नगरपालिकासँग मिलेर गरेको राष्ट्रियस्तरको वेस्ट ह्याकाथनमा थापाथली क्याम्पसका विद्यार्थीहरूको टिम ईकोलुप पहिलो भएको छ ।

ईकोलुपले ट्र्यास डिजिटाइज शीर्षकअन्तर्गत आफ्नो नविन सोलुसन्स प्रस्तुत गर्दै प्रथम स्थान हासिल गरेको हो ।

यो टिमले फोहोर वर्गीकरण गर्ने, ट्र्याक गर्ने र उत्तरदायी बन्दै व्यवस्थापन गर्न उपभोक्तालाई प्रोत्साहन गर्ने डिजिटल प्लेटफर्म प्रोटोटाइप विकास गरेका छ । टिममा नितेश कुमार साह, धर्मेन्द्र सिंह चौधरी, रमेश कठायत र बिपिन कुमार मरासिनी थिए ।

फोहरमैला व्यवस्थापनमा केन्द्रित ह्याकाथनमा सहभागिताका लागि ४०० भन्दा बढीले आवेदन दिएकामा अन्तिममा १३ उत्कृष्ट टोली छनोटमा परेका थिए ।

त्यसैगरी, किङ्स कलेजका विद्यार्थीहरूको फुलस्ट्याकजिरोवेस्ट टिम दोस्रो भएको छ । फुलस्ट्याकजिरोवेस्ट टिम ल्यान्डफिल टु सरकुलेटरी शीर्षकअन्तर्गत उत्कृष्टता प्रदर्शन गर्दै दोस्रो भएको हो । टिममा अंशु रेग्मी, रोजन श्रेष्ठ र कबिश पोखेल थिए ।

काठमाडौं विश्वविद्यालयको आर्टिफिसियल इन्टेलिजेन्स विभागका विद्यार्थीहरूको टिम सोर्स कोडले तेस्रो स्थान हासिल गरेको छ । यो टिममा अमन कुमार झा, अंशु पटेल, भवुक थापा र आयुष गौतम थिए । उनीहरुले वेस्ट विथआउट स्मोक शीर्षक अन्तर्गत डेटा



र एआईमा आधारित समाधान विकास गरेका थिए । यो समाधानले नगरपालिकालाई फोहोर व्यवस्थापन अनुकूलन र कार्बन उत्सर्जन ट्र्याक गर्न सहयोग पुऱ्याउँछ ।

तीन टोलीले नेपाल उद्योग परिसंघको युवा उद्यमी मञ्चबाट परामर्श र इन्क्युबेसन सहयोग प्राप्त गर्नेछन् । साथै मञ्च, खाली सीसी र बुढानीलकण्ठ नगरपालिकाको सहकार्यमा पाइलट योजना कार्यान्वयनको अवसर प्राप्त गर्नेछन् ।

'यो कार्यक्रम केवल प्रतियोगिता थिएन । सिभिक इनोभेसनका लागि एक प्लेटफर्म पनि थियो जहाँ युवाहरूले प्रविधि र उद्देश्यको माध्यमबाट हरित भविष्य निर्माण गर्ने दिशामा योगदान दिए,' एनसेल फाउन्डेसन एन्ड स्पेसल प्रोजेक्ट डाइरेक्टर विशाखा लक्ष्मी खड्काले भनिन् ।

# डिजिटल भुक्तानी अझै सहज बनाउन एभरेष्ट बैंकले ल्यायो "इबिएल भर्चुअल क्रेडिट कार्ड"




काठमाडौं- एभरेष्ट बैंक लिमिटेडले विद्युतीय सेवा विस्तार गर्ने क्रममा मिति २०८२ साल जेठ २० गतेदेखि आफ्ना ग्राहकवर्गको लागि इबिएल भर्चुअल क्रेडिट कार्ड सेवाको सुरुवात गरेको छ ।

इबिएल भर्चुअल क्रेडिट कार्ड मोबाइल बैंकिब एप्लिकेसनमार्फत प्रत्यक्ष रूपमा उपभोग गर्न सकिने एक पूर्ण डिजिटल कार्ड हो । यस बैंकका ग्राहकहरूले न्यूनतम जारी गरिएको मापदण्ड प्रयोग गरी उक्त सेवा लिन सक्नेछन् ।

सो सेवामार्फत न्यूनतम रु ५० हजारदेखि अधिकतम रु ५ लाखसम्मको भर्चुअल क्रेडिट सीमा प्रयोग गरी फोन पे क्यू आर स्क्यान गरेर वस्तु तथा सेवाको भुक्तानी, अनलाइन ट्रान्जेक्सन, तथा कार्ड व्यवस्थापन कार्यहरू सजिलै गर्न सक्नेछन् ।

यस सेवाअन्तर्गत ग्राहकले आफूले प्रयोग गरेको क्रेडिट सुविधा ४५ दिनसम्म उपभोग गर्न सक्नेछन् । साथै, ग्राहकको चाहनाअनुसार कुल बक्यौता रकमको न्यूनतम १० प्रतिशतदेखि शतप्रतिशत भुक्तानी गर्न सक्ने लचिलो सुविधा प्रदान गरिएको बैंकद्वारा जानकारी गराइएको छ ।

# इला होटल्स एण्ड रिसोर्टसका होटलहरूमा SCT–UPI कार्डबाट भुक्तानी गर्दा विशेष छुट

काठमाडौं- नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड (SCT) र नेपालकै उत्कृष्ट होटल ग्रुपहरू मध्य पर्ने इला होटल्स एण्ड रिसोर्ट्स (Ila Hotels and Resorts) बिच SCT–UPI कार्डका ग्राहकहरूलाई १५% सम्मको छुट हुने सम्झौता सम्पन्न भएको छ ।

यस सम्झौता पश्चात यहि जुन १, २०२५ देखि डिसेम्बर ३१, २०२५ सम्म बागलुब स्थित इला कमफर्ट, र मौलाकाली स्थित इला होटेल्स एंड रिसोर्टसमा SCT–UPI कार्डका ग्राहकले कार्डबाटै भुक्तानी गरेमा फूड एंड बेभेरेज बिलमा तथा रुमको महसुल दरमा १५% छुट पाउनु हुनेछ । रुम महसुलमा छुट एइक् मा हुने कारोबारमा मात्र उपलब्ध हुनेछ ।

एससीटीले हाल २१ वटा बैंक तथा वित्तीय संस्था र १०० भन्दा बढी सहकारी संस्थाहरू मार्फत SCT– UPI कार्ड जारी गर्दै आइरहेको छ । यो अफर मार्फत कार्डको अधिकतम प्रयोग गराउने र कार्डमार्फत नगदरहीत कारोबारलाई प्रोत्साहन गर्ने उद्देश्य रहेको छ । SCT–UPI कार्ड नहुने ग्राहकहरूले पनि यस अफरमा सहभागी हुनलाई आफ्नो नजिकैको बैंक तथा वित्तीय संस्थामा गएर SCT–UPI कार्ड माग गरी कार्ड प्राप्त गर्न सक्नुहुनेछ ।



# खेलकुद

## तेस्रो शैलुङ अल्ट्रा रेस शनिबार, विजेताले लाख जित्ने




काठमाडौं- सुनापति शैलुङ अल्ट्रा म्याराथन दौड समितिले शनिबार तेस्रो शैलुङ अल्ट्रा रेस आयोजना गर्ने भएको छ । रामेछापमा हुने प्रतियोगितामा महिला/पुरुष खुला ५५ किमि र ५ किमि दूरीको दौड हुनेछ । एथलेटिक्स परिवार नेपालको प्राविधिक सहयोगमा हुने दौडले सुनापति, खाँडादेवी र दारेम्भा शैलुङ गरी तीन गाउँपालिकालाई छुनेछ ।

५५ किमिका महिला र पुरुषले समान पुरस्कारका रूपमा विजेताले १ लाख, उपविजेताले ५० हजार र तेस्रोले २५ हजार प्राप्त गर्ने आयोजक समितिका अध्यक्ष लालबहादुर मगरले बताए । चौथोले १० र पाँचौंले ५ हजार तथा छैटौंदेखि १०औं स्थानमा दौड पूरा गर्नेले जनही १ हजार पाउनेछन् । ५ किमि विजेताले १२ हजार, उपविजेताले ८ हजार र तेस्रो हुनेले ५ हजार रुपैयाँ पाउनेछन् । चौथो र पाँचौं स्थानका विजेताले क्रमशः ३ र २ हजार तथा छैटौंदेखि १०औं स्थानमा रहनेले जनही १ हजार पाउनेछन् ।

प्रतियोगितामा राष्ट्रिय स्तरका अल्ट्रा धावकले भाग लिने एथलेटिक्स परिवारका अध्यक्ष राजन खत्रीले बताए ।

दौड सुनापति-३ सादी डाँडाबाट सुरु भई सुनापति डाँडा, लहरे माने, भागे डाँडा, खाँडादेवी मन्दिर, गाल्पा भन्ज्याङ, अग्लेश्वर डाँडा, दोरम्बा बजार, सहिद पार्क, डाँडा कटेरी, घले डाँडा, दोरम्बा शैलुङमा पुगेर टुंगिनेछ ।

प्रतियोगितामा सहभागिताका लागि स्थानीयले २ सय तथा बाहिरबाट जानेले १ हजार रुपैयाँ तिरेर नाम दर्ता गर्न सक्ने आयोजकले जनाएको छ । प्रतियोगितामा विदेशीसहित करिब १ सय ५० खेलाडी सहभागी हुने जनाइएको छ ।

## बाढीबाट बस्ती जोगाउन बाँकेको भत्ता खोलामा तटबन्धन

बाँके- बाँकेको राप्ती सोनारी गाउँपालिका-९ मा हुँदै आएको डुवान र कटानबाट बस्ती जोगाउन लागि भत्ताखोलालाई तटबन्धन गरिएको छ ।

गुरुवागाउँ हुँदै ढकेरी बजारसम्मको बस्तीमा प्रत्येक वर्ष डुबान र कटान गर्दै आएको भत्ता खोलाको बाढीलाई नियन्त्रण गर्ने दीर्घकालीन योजना अन्तरगत बस्ती भन्दा पर जङ्गल क्षेत्रबाटै खोलालाई तटबन्धन गरिएको राप्ती सोनारी गाउँपालिका-९ का वडाध्यक्ष सोहनलाल थारूले जानकारी दिए ।

'प्रत्येक वर्ष वर्षायाममा ठूलो पानी पर्नासाथ भत्ताखोलामा आउने बाढीले वडाका गाउँबस्तीमा डुबान तथा कटान गर्ने समस्यालाई समाधान गर्न खोलालाईनै तटबन्धन गर्न सफल भएका छौं', वडाध्यक्ष थारूले भने, 'अब वर्षायाममा भत्ताखोलाको बाढीले गाउँबस्ती डुवानमा पर्ने समस्या हटेको छ ।'



उनका अनुसार, लुम्बिनी प्रदेश सरकारको रु ५५ लाख बजेटमा गुरुवागाउँ नजिकै रहेको आँपखोली सामुदायिक वनमा रहेको चुरे पहाडलाई कटान गरी भत्ता खोलालाई वनक्षेत्रबाटै गरी बसन्ता खोलामा मिलाइएको छ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बाँकेले ठेक्कामार्फत तटबन्धन गरिरहेको छ। अब तटबन्धनमा तारजाली र ढुङ्गा बिछ्याउने काम मात्रै बाँकी रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बाँकेका प्रमुख आशिष विकले जानकारी दिए ।

करिब १८ मिटर अग्लो पहाडलाई कटान गरेर एक सय ८० मिटर लामो तटबन्धन गरिएको छ । विगत चार वर्षदेखि बजेट विनियोजन हुँदै आए पनि विभिन्न कारणले काम हुन नसकेकोमा यस वर्ष बाँके राष्ट्रिय निकुञ्जलगायत सरोकारवाला निकायसँगको समन्वय र सहमतिमा काम सम्पन्न गर्न सकिएको उनले जानकारी दिए ।

यो तटबन्धनपछि अव वर्षायाममा भत्ताखोला र चुके नाला हुँदै आउने बाढी बस्ती भन्दा बाहिर बसन्ता खोला भएर बग्ने छ । तटबन्धनले राप्ती सोनारी-९ का गुरुवागाउँ, खड्काटोल, पहाडीपूर्वा, थारूगाउँ,ढकेरी र पम्पबजार डुवान तथा कटानको समस्या समाधान भएको ढकेरी बजार व्यवस्थापन समितिका अध्यक्ष विश्वराज खनालले बताए ।

उनले दशकौंदेखिको स्थानीयवासीको चाहना र आवश्यकता अहिले पूरा भएको उल्लेख गर्दै भत्ताखोला डाइभर्सनलाई अव नियमित मर्मत तथा सम्भारमा पनि चासो देखाउनुपर्ने बताए ।

राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले भत्ताखोलाले दिँदै आएको दुःखबाट अव जनताले छुटकारा पाएको बताए। उनले राप्ती सोनारी गाउँपालिकामा भत्ता खोला जस्तै दर्जनौं खहरेखोलाले गाउँबस्ती डुवानमापर्ने समस्या समाधान गर्न आफूले पहल गरिरहेको उल्लेख गरे ।

## एनआरएनएले माग्यो नेपाली नागरिकसरहको नागरिकता

काठमाडौं- गैरआवासीय नेपाली संघ (एनआरएनए) ले नेपाली नागरिकसरहको नागरिकता माग गरेको छ ।

सोमबार प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा भएको छलफलमा एनआरएनएका प्रतिनिधिहरूले यस्तो माग राखेका हुन् ।

गैरआवासीय नेपालीहरूलाई अहिले गैरआवासीय नागरिकता प्रदान हुँदै आएको छ । तर अंशबन्डा लगायतमा गैरआवासीय नागरिकतालाई मान्यता नदिएको उनीहरूको गुनासो छ ।

छलफलका क्रममा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले नेपाली नागरिकसरहको अधिकार हुने गरी नागरिकता प्रदान गर्नुपर्नेमा जोड दिए ।



गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष रविना थापाले मालपोतले समेत नचिन्ने गैरआवासीय नागरिकताले समस्या उत्पन्न भएको बताइन् ।

समिति सभापति रामहरि खतिवडाले गैरआवासीय नेपालीका लागि प्रदान गरिने नागरिकताका सम्बन्धमा सरकारले स्पष्ट धारणा ल्याउन आवश्यक रहेको बताए ।

सरकारले प्रस्ताव ल्याएको खण्डमा नागरिकता ऐन संशोधन विधेयकमा समावेश गरेर अगाडि बढ्न सकिने उनको प्रतिबद्धता छ ।

## उपत्यका सडक विस्तार प्रभावितलाई मुआब्जा दिन सरकारले थाल्यो छलफल

काठमाडौं- काठमाडौं उपत्यका सडक विस्तार प्रभावितलाई मुआब्जा र क्षतिपूर्ति दिने विषयमा सरकारले छलफल अघि बढाएको छ ।



उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहले सडक विस्तारमा परेर मुआब्जा नपाएकाहरूलाई कानुनअनुसार मुआब्जाको प्रक्रिया अघि बढाउने विषयबारे छलफल सुरु गरेका हुन् ।

मन्त्री सिंहको सक्रियतासँगै अब काठमाडौं उपत्यकामा सडक विस्तारका क्रममा उठिबास भएका स्थानीयलाई मुआब्जा र क्षतिपूर्ति दिने विषय अघि बढेको छ ।

मन्त्रालयमा आइतबार भएको छलफलमा उपप्रधानमन्त्री सिंहले सर्वोच्च अदालतको फैसला बमोजिम मुआब्जा दिनुपर्ने जग्गाको विषयमा काठमाडौं उपत्यका विकास प्राधिकरणसँग जानकारी लिँदै अदालतको फैसला कार्यान्वयनमा अघि बढ्न निर्देशन दिएको प्राधिकरणकी विकास आयुक्त जानुका ढकालले जानकारी दिइन् ।

साँखु सडक खण्ड, धोबिखोला, कलंकी-नागढुँगा सडक खण्ड, डिल्लीबजारसहितका स्थानमा सडक विस्तारमा परेका स्थानीयले घरजग्गाको मुआब्जा पाएका छैनन् ।

२०६८ सालदेखि २०७५ सालसम्म अधिग्रहणमा परेर मुआब्जा नपाउनेहरू क्षतिपूर्ति माग गर्दै सर्वोच्च अदालत पुगेका थिए ।

सर्वोच्चले अधिग्रहणमा परेका जग्गाको क्षतिपूर्ति दिन भनी आदेश गरेको थियो । तर, हालसम्म अदालतको आदेश कार्यान्वयन नहुँदा घरजग्गा गुमाएकाहरू मारमा परेका छन् ।

उपप्रधानमन्त्री सिंहको चासोसँगै अब सडक विस्तारमा घरजग्गा गुमाएकाहरूले छिट्टै क्षतिपूर्ति पाउने छन् ।

काठमाडौं उपत्यका विकास प्राधिकरणका काठमाडौं जिल्ला आयुक्त सुवास बस्नेतले काठमाडौंमा मात्रै २०७५ सम्म १३ सय घरले क्षतिपूर्ति लिइसकेको र ८१५ घरले क्षतिपूर्ति लिन बाँकी छ ।

'अदालतबाट फैसला भइसकेको घरजग्गाको मुआब्जाको विषय अघि बढाउन उपप्रधानमन्त्रीज्यूबाट निर्देशन भएको छ । फैसला भएका घरजग्गाको विषयमा प्राधिकरण अब अघि बढ्छ,' ढकालले भनिन् ।

जग्गा प्राप्ति ऐन २०३४ अनुसार जग्गा प्राप्ति, मूल्यांकन प्रमुख जिल्ला अधिकारीले गर्ने व्यवस्था रहेको पनि उनले बताए ।

## वाईसीएललाई प्रचण्डको निर्देशन : सबैखाले प्रतिगमनविरुद्ध खरो र दह्रो साबित गर्नुस्

काठमाडौं- नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई उल्ट्याउने षड्यन्त्र भइरहेको बत(ाएका छन् ।

नवनिर्वाचित योङ कम्युनिष्ट लिग (वाईसीएल नेपाल) का पदाधिकारीलाई मंगलबार सम्बोधन गर्दै उनले प्रतिक्रियावादी र प्रतिगमनकारीहरूले यस्तो प्रयास गरिरहेको बताए पनि ती शक्ति को हुन् भनेर खुलाएनन् ।

'अब कहीँ न कहीँ प्रतिक्रियावादी, प्रतिगमनकारीहरूले जनयुद्ध र जनआन्दोलनबाट प्राप्त भएका उपलब्धिलाई उल्ट्याउन सकिन्छ कि भन्ने षड्यन्त्र पनि छन्,' उनले भने, 'कहीँ न कहीँ फेरि जनयुद्धको, माओवादी आन्दोलनको, वाईसीएलको, युवाहरूको, जनमुक्ति सेनाको भूमिकालाई अपमानित गर्ने कोसिसहरू पनि भइराखेकै छन् ।'

उनले नवनिर्वाचित कार्यसमितिलाई पार्टीको आदेशमा सबैखाले प्रतिगमनका विरुद्ध खरो र दरो उभिन आग्रह गरे ।

'नवनिर्वाचित तपाईंहरूको पदाधिकारीको टिम पक्कै पनि यो जनरल स्टाफ जस्तै हो । वाईसीएल नेपालको जनरल स्टाफ नै हो यो,' उनले भने, 'तपाईंहरूले पार्टीको नेतृत्व आदेशमा सबै खाले प्रतिक्रियावाद र प्रतिगमनका विरुद्ध आफूलाई खरो र दरो साबित गर्नुहुनेछ ।'

प्रचण्डले वाईसीएलको पदाधिकारी ठूलो बने पनि नेतृत्वको केन्द्रीकरण भएको जिकिर गरे । वाईसीएलको ७५ सदस्यीय पदाधिकारी चयन भएको छ ।



## काठमाडौंमा पानीका लागि ट्यांकरको भर पर्ने अवस्थाको अन्त्य हुन्छ : मन्त्री यादव

काठमाडौं- खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौं उपत्यकामा खानेपानीका लागि ट्यांकरको भर पर्नुपर्ने अवस्थाको अब चाडै अन्त्य हुने बताएका छन् ।

आइतबार खानेपानी तथा सरसफाइ महसुल निर्धारण आयोगले आयोजना गरेको काठमाडौं उपत्यकाभित्रका खानेपानी उपभोक्ता समितिहरुसँगको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् ।

मन्त्री यादवका अनुसार, मेलम्ची खानेपानी अब काठमाडौंवासीका लागि बाह्रै महिना सञ्चालनमा ल्याई समस्या समाधान हुनेछ ।



'अब पानीका लागि ट्यांकरको भरमा बस्नुपर्ने दिन सकिएको छ। असार महिनामा पनि मेलम्चीको पानी बन्द हुने छैन,' मन्त्री यादवले भने, 'नियमित पानी आपूर्ति सुनिश्चित गर्न सरकारले आवश्यक सबै विकल्प र पूर्वाधार निर्माणलाई तीव्रता दिएको छ ।'

मन्त्री यादवले खानेपानी पहुँच सबै नागरिकको मौलिक अधिकार भएकाले यसलाई सुनिश्चित गर्न मन्त्रालय कटिबद्ध रहेको पनि बताए । साथै, उनले आगामी दिनमा काठमाडौं मात्र नभई अन्य शहरी क्षेत्रमा पनि सुरक्षित र पर्याप्त पानी आपूर्ति

» बाकी ६ पृष्ठमा

# बाम्का बजारका आगलागी पीडितलाई पुनःस्थापना गर्न सरकारसाग माग



काठमाडौं- नेकपा (एकीकृत समाजवादी) की सांसद मदनकुमारी शाहले बाजुराको बाम्का बजारमा भएको आगलागी पीडितलाई पुनःस्थापना गर्न सरकारसँग माग गरेकी छिन् ।

सोमबार राष्ट्रिय सभा बैठकको शुन्य समयमा बोल्दै सांसद शाहले बाम्का बजार आगलागीमा १३ पसल र २ वटा होटल पूर्णरुपमा नष्ट भएको जानकारी दिइन् ।

पीडित व्यापारीलाई राहत र क्षतिपूर्तिसहित छिटोभन्दा छिटो पुनःस्थापनाको माग गर्दै सांसद शाहले सरकारले बाजुरालाई एउटा दमकलसमेत दिन नसक्दा यति ठूलो क्षति भएको भन्दै घटनाको सम्पूर्ण जिम्मा सरकारले लिनुपर्ने बताइन् ।

'यही जेठ २३ गते बाजुरा जिल्लाको बुढीगंगा नगरपालिकाको बाम्का बजारमा भिषण आगलागी हुँदा १३ पसल र २ वटा होटल सम्पूर्ण रुपमा नष्ट भएका छन् । ३४ वटा पसल र होटलमा क्षति भएको छ,' उनले भनिन्, 'आगलागीबाट १९ करोडभन्दा बढीको क्षति भएको प्रारम्भिक विवरण छ । यो दुःखद् घटनाप्रति दुःख व्यक्त गर्दछु, पीडितहरुप्रति सहानुभुति प्रकट गर्दछु । पीडित व्यापारीहरुलाई राहत र क्षतिपूर्ति दिएर तुरुन्त पुनःस्थापना गर्न सरकारसँग जोडदार माग गर्दछु ।'

उनले अब्राहम लिंकनको भनाइ उद्धृत गर्दै हजार जना मूर्ख भएपनि देशलाई खासै असर नपर्ने तर एक नेता मूर्ख भए देश डुब्ने र जनताले दुःख पाउने बताइन् ।

'अब्राहम लिंकनको एउटा भनाइ छ- हजार जना मूर्ख भएपनि देशलाई खासै असर पर्दैन तर एक नेता मूर्ख भए देश डुब्छ र जनताले दुःख पाउँछन्,' उनले भनिन्, 'अर्बौं लगाएर भ्यू टावर बनाउने सरकारले बाजुरालाई एउटा दमकल दिन सकेन । दमकल भएको भए सम्भवतः यति ठूलो क्षति हुने थिएन । तसर्थ क्षतिको सम्पूर्ण जिम्मा सरकारले लिनुपर्छ भनी जोडदार माग गर्दछु ।'

अन्तराष्ट्रिय

# मणिपुरमा प्रदर्शन र झडप कायमै



काठमाडौं- शनिबार रातिदेखि अशान्त बनेको पूर्वोत्तर भारतको मणिपुर राज्यमा सोमबार पनि प्रदर्शन कायमै छ । भारतीय सञ्चारमाध्यम दि हिन्दुका अनुसार आइतबार राति निषेधाज्ञा उल्लंघन गर्दै प्रदर्शनकारीले सरकारी भवनजलाउनेदेखि सुरक्षाकर्मीसँग भीडन्तसम्मका घटना भए । उनीहरुले राति मसाल जुलससमेत निकालेका थिए ।

शनिबार राति मैतेई जातिको स्वयंसेवक संगठन 'अरम्बाई टेंगोल-एटी' का एक प्रमुख नेता कनान सिंहसहित अन्य पाँच नेतालाई पक्राउ गरेपछि मणिपुरमा प्रदर्शन सुरु भएको हो । प्रदर्शन सुरु भएपछि प्रशासनले शनिबार रातिदेखि लागू हुनेगरी राज्यका पाँच जिल्लामा पाँच दिनका लागि इन्टरनेट सेवा बन्द गरेको छ । एउटा जिल्लामा कर्फ्यु र अन्य चार वटा जिल्लामा मानिसहरूलाई भेला हुन र प्रदर्शन गर्नमा रोक लगाउने गरी निषेधाज्ञा जारी गरेको छ ।

शनिबार इम्फाल पूर्व जिल्लास्थित सब डिभिजनल कलेक्टर अफिसमा प्रदर्शनकारीले आगलागी गरेका छन् । आगजनीबाट भवनमा आंशिक क्षति पुगेको र सरकारी कागजात जलेको बताइएको छ ।

प्रदर्शनकारीहरुले कैयन सडकमा माटो थुपारेर सडक अवरुद्ध पारेका छन् । इम्फाल पश्चिम जिल्लाको क्वाकेइथेल र सिंगजमेइमा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको र प्रहरीले आन्दोलनकारीलाई तितरबितर पार्न दर्जनौं राउन्ड अश्रुग्यास र रबरका गोली प्रहार गरेको सुरक्षा अधिकारीहरुले बताएका छन् ।

मैतेई र कुकी जातिबीच मे २०२३ देखि सुरु भएको जातिय हिंसामा अहिलेसम्म २६० जनाभन्दा धेरैको ज्यान गइसकेको छ भने यही द्वन्द्वका कारण हजारौं नागरिक विस्थापित भएका छन् ।

पृष्ठ १ बाट जारी

सरकार विरोधी...

चिरन्जीवि वाग्ले, गोविन्दराज जोशीलाई भ्रष्टचारको मुद्दा लगाएर जेल हालेका थिए ।

अहिले त्यतिवेलाको जस्तै तर पात्रा फरक प्रबृति उस्तै तरिकाले सरकारकै निर्देशनमा अख्तियार अनुसन्धान आयोगले काम गरेको जस्तो देखिन्छ । रवि लामिछानेलाई सहकारी ठगी काण्डमा मुद्दा दायर गरेर जेलमा पठाइ सकिएको र सम्पति सुद्धिकरणको पनि मुद्दा दायर गरेको छ । त्यसैगरी पुर्व प्रधानमन्त्री माधव कुमार नेपाललाई मुद्दा नै दायर गरिसकेको छ भने नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई त्यतिवेलाको जनमुक्ति सेनाको क्यानटोनमेनमा भ्रष्टचार गरेको भनेर मुद्दा लगाउने भित्री तयारी भईरहेको विशेष शुत्रहरुको भनाई रहेको छ । यो काम प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा भईरहेको बिभिन्न राजनैतिक पार्टीका नेताहरुले सार्वजानिक स्थलमा भन्दै आएका छन् । उनिहरुले भने जस्तैगरी व्यवहारमा पनि देखिदै आएको छ ।

सरकारले त्यति मात्र गरेको छैन । नेपालमा पत्रिका भनेको कान्तिपुर मात्र हो । सरकार भनेको काँग्रेस र एमालेको मात्र हो । नागरिक भनेको एमाले र काँग्रेसको पार्टी सदस्य लिएका मात्र नागरिक हुन । अन्य पार्टीमा लाग्ने नागरिक वा स्वतन्त्र जीवन जिउने नागरिक नागरिक होइनन् । भने जस्तै गरी दुःख सुख बनि बुथो गरी पत्रिका चलाई रहेका जन सवाल दैनिक, प्रभाव दैनिक जस्ता सञ्चालहरुलाई समेत मुद्दा लगाएको छ । त्यस्ता प्रकृतिका कानून उल्लघन गर्ने सरकारको नजिकमा रहेकाहरुलाई मुद्दा लगाएको छैन ।

नेपालमा तानाशाही प्रबृतिको सरकार छ भन्ने भान गराउन खोजेको छ । नेकपा एमाले पार्टीका नेताहरुले बिभिन्न पदीय जिम्मेवारीमा बसेर गरेका थुप्रै भ्रष्टचारका फाइल भने खोलेको अनुसन्धान गरेको देखिदैन ।

त्यसकारण वर्तमान सरकार, सरकार विरोधी जो कसैलाई केही न केही बहानामा अख्तियार लगाएर नछोड्ने चरम तरिकाले लागेको देखिन्छ ।

पृष्ठ १ बाट जारी

दुर्गा प्रसाईं...

थियो । उक्त मुद्दामा सबै जनालाई धरौटीमा रिहा गर्न आदेश दिइएको थियो । यही घटनामा पक्राउ परेका राप्रपा वरिष्ठ उपाध्यक्षसमेत रहेका समितिका सदस्य सचिव रवीन्द्र मिश्र र राप्रपा महामन्त्री धवल शम्शेर राणा हाजिरी जमानीमा छुटेका थिए ।

पृष्ठ ५ बाट जारी

मन्त्री यादव...

सुनिश्चित गरिने प्रतिबद्धता जनाए ।

काठमाडौं उपत्यकामा वर्खाको समयमा पनि मेलम्चीको पानी बन्द नगरी दैनिक पानी वितरण गर्ने योजना अनुसार काम सुरु गरिएको र अब उक्त काम करिब करिब अन्तिम चरणमा पुगेको जानकारी दिलाए ।

'वर्खाको समयमा बाढीले मेलम्चीको मुहानमा क्षति पुऱ्याउने जोखिम बढ्ने भएकाले मुहानको ढोका मात्रै बन्द हुन्छ, तर पानी बन्द हुँदैन,' मन्त्री यादवले भने, 'हामीले त्यहीँ मेलम्चीको सुरुङ मार्फत पानी ल्याएर काठमाडौँमा बितरण गर्ने योजना बनाएर काम गरेका छौँ । यो वर्ष बर्षात्को समयमा पनि पानी काठमाडौँ आउँछ ।'

यसैगरी मन्त्री यादवले नेपाल सरकारले खानेपानी तथा सरसफाइ नियमावली, २०८१ जारी गरिसकेको र आयोगले खानेपानी महसुल निर्धारण निर्देशिका, २०८१ पनि सार्वजनिक गरिसकेको अवस्थामा अब उपभोक्ता समितिहरूले सेवा प्रवाहसँगै महसुल निर्धारण सम्बन्धी प्रस्तावहरू खुला र पारदर्शी आधारमा तयार गरी आयोगमा प्रस्तुत गर्न सक्ने बताए ।

'सेवा सञ्चालन, मर्मत र विस्तारका लागि महसुल यथार्थपरक, सन्तुलित र दिगो हुनु आवश्यक छ । यसले कानुनी स्पष्टता, दायित्व र सेवा गुणस्तरमा सुधार ल्याउनेछ । उपभोक्ताको हितको रक्षा र सेवा गुणस्तरको सुनिश्चितता हाम्रो मूल लक्ष हुनुपर्छ,' उनले भने ।

यस्ता खालका संवेदनशीलता अभिवृद्धि कार्यक्रम उपत्यकामा मात्र सीमित नरही, अब देशभरका स्थानीय तहहरूसँग समन्वय गरी निरन्तर सञ्चालन गरिनुपर्ने समेत मन्त्री यादवले खानेपानी तथा सरसफाइ महसुल निर्धारण आयोगलाई निर्देशन सहित आग्रह गरे ।

मन्त्रालयका सचिव ई प्रमिलादेबी शाक्य बज्राचार्यले खानेपानी प्रत्येक नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको आधारभूत आवश्यकता र मौलिक अधिकार भएकाले यस अधिकारको सुनिश्चितताका लागि हामी सबैको सहकार्य, सहभागिता र उत्तरदायित्व आवश्यक हुने बताइन् ।

'खानेपानी उपभोक्ता समितिसँगको सहकार्यमा हामीले नेपाली नागरिकलाई सहजरुपमा खानेपानी प्रदानका लागि एक जुट हुनु पर्छ । मन्त्रालयले गर्ने एवं खेल्नु पर्ने भुमिकामा सधै अग्रसर रहने छ,' उनले भनिन् ।

शिखर नगरपालिका
बागमती प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
दीर्घ बहादुर बलायर

उप- प्रमुख
सुनिता रावल जोरा

प्रमुख प्रशासकीय अधिकृत
हरेन्द्र कुमार श्रेष्ठ

ककनी गाउँपालिका
बागमती प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष
सुमन तामाङ

उपाध्यक्ष
मिठ्ठु माया तामाङ

प्रमुख प्रशासकीय अधिकृत
खम्बराज राई

कागेश्वरी मनोहरा नगरपालिका
बागमती प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
उपेन्द्र कार्की

उप- प्रमुख
शान्ता थापा

प्रमुख प्रशासकीय अधिकृत
हरिराम नागिला

शंखरापुरा नगरपालिका
बागमती प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
रमेश नापित

उप- प्रमुख
समिता श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत
चुरामणि पन्थी

# महेश सुनाम र गायिका पूजा देवकोटाको आवाजमा 'रातमा सपनी' सार्वजनिक




काठमाडौं- लोक-आधुनिक शैलीमा तयार गरिएको नयाँ गीत "रातमा सपनी" सार्वजनिक भएको छ। गायक महेश सुनाम र बाल गायिका पूजा देवकोटाको सुमधुर आवाजमा सजिएको यो गीत (द्यष्लयम पबचपष यााष्अष्बा) युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो।

गीत सार्वजनिक भएलगत्तै युट्युब, फेसबुक, टिकटक लगायत सामाजिक सञ्जालमा यसको निकै चर्चा भइरहेको छ। गीतको मिठासपूर्ण स्वर, भावनात्मक बोल र आकर्षक भिडियोलाई दर्शक तथा स्रोताहरूले निकै रुचाएका छन्। छोटो समयमा नै गीतले राम्रो प्रतिक्रिया बटुल्न सफल भएको छ।

गीतको शब्द विनोद कार्कीले लेखेका हुन् भने संगीत सुवास खड्काले भरेका छन्। गायनमा चर्चित बाल गायिका पूजा देवकोटा र सुमधुर स्वरका धनी महेश सुनामले आवाज प्रस्तुत गरेका छन्। दुवैको स्वरले गीतलाई झनै भावनात्मक र सन्देशमूलक बनाएको छ।

गीतको एरेञ्ज रामकृष्ण थापाले गरेका छन् भने छायांकन राजकुमार गिरीको रहेको छ। भिडियोलाई निर्देशन पनि कार्कीले नै गरेका हुन्, जसले भिडियोमा गीतको मर्म झल्काउन सफल प्रयास गरेका छन्।

भिडियोमा सञ्जीव मगर, अनिता खड्का, एलिजा कार्की, अनिता पौडेल, अस्मिता रोका, किरण साह, र स्वयंम विनोद कार्की समेतको अभिनय देख्न सकिन्छ। उनीहरूले गीतको भावनालाई दृश्यमार्फत प्रभावशाली ढंगले प्रस्तुत गरेका छन्।

"रातमा सपनी" गीतले नेपाली लोक-आधुनिक संगीतप्रेमीहरूलाई नयाँ स्वाद दिएको छ भने नवप्रवेशी कलाकार र बाल प्रतिभाको उचाइ समेत दर्शाएको छ। गीतको सम्पूर्ण टिमलाई यस उत्कृष्ट सिर्जनाका लागि शुभकामना दिइएको छ।

# "जहाजैमा" बन्ने




काठमाडौं- निर्देशक कृषा चौलागाईंको निर्देशनमा 'जहाजैमा' बन्ने भएको छ। हालै कृषाले जापानमा यूएनए प्रोडक्सनको ब्यानरसँग सहकार्य तय गरेकी हुन्। निर्माण टिमले फिल्मको थिम पोस्टरसमेत सार्वजनिक गरेको छ, जहाँ एक पात्र जहाजतर्फ अगाडि बढिरहेको देखिन्छ।

उज्ज्वल गुरागाईंको निर्माणमा तयार हुने यो फिल्मलाई पुरुषोत्तम प्रधानले खिच्नेछन्। यसअघि पुरुषोत्तमले नै कृषाको 'ऐंचो पैंचो' र 'पिताम्बर' खिचेका थिए। सन् २०२६ मा प्रदर्शन गर्ने तयारी रहेको यो फिल्म भदौबाट छायांकन जानेछ।

नेपाल, जापान र फिलिपिन्समा फिल्म खिचिनेछ। कृषा यो फिल्म लगत्तै 'पिताम्बर २'को निर्देशनमा लाग्नेछिन्। फिल्ममा को-को कलाकार आबद्ध छन् भन्ने खुलाइएको छैन।

# नवप्रतिभा परिधी खतिवडाको "घरकी फूलबारी" सार्वजनिक




काठमाडौं- बालगायिका परिधी खतिवडाको आवाजमा सजिएको बालमैत्री गीत 'घरकी फूलबारी' को म्युजिक भिडियो सार्वजनिक भएको छ। कक्षा ४ मा अध्ययनरत परिधीले प्रस्तुत गरेको यो सिर्जना बाल भावना, पारिवारिक आत्मीयता र राष्ट्रिय चेतनाको सन्देश बोकेको प्रेरणादायी प्रयास हो।

काठमाडौंको बानेश्वरस्थित प्रज्ञाकुञ्ज बोर्डिङ स्कुलमा अध्ययनरत परिधीको स्वरमा रहेको गीतका शब्द उनका पिता इ. प्रमोद खतिवडाले लेखेका हुन्। सडक विभागमा कार्यरत इञ्जिनियर प्रमोद पेशाले प्राविधिक भए पनि साहित्य र संगीतप्रतिको अभिरुचिका कारण उनका कलमबाट यसअघि पनि विभिन्न भावनात्मक गीतहरू जन्मिइसकेका छन्।

गीतमा सविन लिम्बूले संगीत तथा एरेञ्जमेन्ट गरेका छन्, जसले परिधीको भावनात्मक स्वरलाई गहिराइ दिने काम गरेको छ। निर्देशन 'गुरुभाइ फकीर'ले गरेका हुन्। भिडियो परिधी अध्ययनरत विद्यालय र काठमाडौं वरपरका रमणीय स्थलहरूमा छायांकन गरिएको छ।

सिर्जनामा बालमनको कल्पना मात्र होइन, देशप्रतिको माया र सामाजिक सद्भावको भावनालाई पनि समेटिएको छ। राष्ट्रिय भावनाले भरिएको बाल गीत भएकोले, यस गीतले बाल चेतनामा देश प्रतिको माया र सद्भाव जागृत गराउने आशा गरिएको छ। गीतले न्यानो पारिवारिक सम्बन्धसँगै देश र माटोप्रतिको समर्पणलाई सरल शब्द र मिठो धुनमार्फत उजागर गर्ने प्रयास गरेको छ।

यसअघि परिधीले 'लिटिल स्टार नेपाल' प्रतियोगितामा 'मोस्ट पपुलर कन्टेस्टेन्ट' को उपाधि जितेकी थिइन्। गायन, नृत्य, कविता वाचन, चित्रकलालगायत विभिन्न अतिरिक्त क्रियाकलापमा रुचि राख्ने परिधीको बहुप्रतिभा यस गीतमार्फत पुनः उजागर भएको छ।

# पाँचौ राष्ट्रिय साधना म्युजिक अवार्ड रि-अवार्डद्धारा मोड्ल बिजेन्द्र नौवागे अवार्डडेट



काठमाडौं- पाँचौ राष्ट्रिय साधना म्युजिक रिवार्ड (अवार्ड) २०८१ बाट सर्वउत्कृष्ट आधुनिक गीत मंगल बिकको संगीत र अन्जु पन्तको आवाज रहेको "म तिमिलाई मन पराउछु" गीत,भिडियो मोड्ल जुरी अवार्ड बिजेन्द्र नौवागेले हात पार्न सफल भएकाछन्।

विगत लामो समयदेखि नेपाली कलाकारिताको क्षेत्रमा सक्रिय मोड्ल तथा गीतकार बिजेन्द्र नौवागेले कला,संकृति नेपाली गीत संगीतको संरक्षण, प्रर्वन्धन र श्रीवृदीमा गीत संगीत साथै मोडि्लङ मार्फत कला क्षेत्रमा पुर्याको योग्दानलाई मूल्याँङकन गर्दै पाँचौ राष्ट्रिय साधना म्युजिक रिवार्ड (अवार्ड) २०८१ बाट चर्चित माड्ल बिजेन्द्र नौवागेलाई अर्वाडद्धारा सम्मान गरिएको आयोजकले बताएकाछन्।

काठमाडौँको चलचित्र विकाश बोर्डमा सम्पन्न समारोहमा २२ विधामा अवार्ड प्रदान गरिको थियो। कार्यक्रममा प्रमुख अतिथि पुर्व गृहमन्त्री शक्ति बहादुर बस्नेत लगायतले अवार्ड प्रदान गरेका थिए। आयोजक संस्था सामना म्युजिक क्रियशनकी अध्यक्ष सामना शाह कार्यक्रमको सभापति थिईन्।

समारोहमा बिशिष्ट गायिका एवम् गीतकार चन्द्रकला शाहलाई दिर्घ साधना कलाकारिता सम्मान प्रदान गरिएको हो। त्यस्तै नेपालकै पहिलो चलचित्र आमाका तिन अभिनेत्रीहरु भुवन चन्द, चैत्यदेवी एवम् बसुन्धरा भुषाललाई चलचित्रकर्मी त्रीदेवी सम्मानद्धारा सम्मानित गरिएको थियो।

यसै अवसर समारोहमा संगीतकार चेतन राई, सञ्चारकर्मी सोनित राज ढुङ्गेल, तुल सिंह रनपछाई, मिसेज नेपाल रेश्मा घिमिरे, गीतकार,गायक सुवास कार्की, संगीतकार मदन नेपाली, गायक धनराज चुनारा, गायिका अनिता कुँवर, बालकलाकार आरिया शाही,गोकर्णेश्वरनगरपालिका प्रशासकिय अधिकृत याम नारायण गौली सम्मानित भए।

# "एक्लो"मा सुनिल थापा "यम राजा"




प्रदर्शन मिति घोषणा नहुँदै फिल्म 'एक्लो'का मुख्य कलाकारहरूको श्रृंखलाबद्ध रुपमा क्यारेक्टर लुक्स सार्वजनिक भइरहेको छ। प्रदीप खड्का, विजय लामा, दीया पुन, बनिशा हमाल, कविता नेपाली, सुरज सिंह ठकुरी र जेमी बेकन (बेलायती अभिनेता)पछि सोमबार सुनिल थापा र एवन राज उप्रेतीको लुक्स पोस्टर सार्वजनिक गरिएको छ। पोस्टरमा उनीहरूको गेटअप पृथक देखिन्छ।

सुनिल थापालाई राजा यमको रूपमा चिनाइएको छ। सिंहासनमा बसेका उनले गलामा रुद्राक्षको माला र शिरमा दुईवटा सिङ भएको मुकुट लगाएका छन्। मुकुटमा आगो बलेको देखिन्छ। अर्को पोस्टरमा एवन राजलाई बारास्टिर पात्रको रुपमा चिनाइएको छ। उनी क्रोधित मुद्रामा देखिएका छन्। उनको गेटअप हेर्दा फिल्ममा उनी नकारात्मक भूमिकामा रहेको अनुमान गर्न सकिन्छ।

साइन्स फिक्सनमा आधारित रहेर निर्माण भएको फिल्मलाई प्रदीप शाहीले लेखन तथा निर्देशन गरेका हुन्। उनको यो तेश्रो निर्देशकीय फिल्म हो। हाल फिल्मको लण्डनमा पोस्ट प्रोडक्सनको कार्य भइरहेको छ। केही हप्ताअघि 'एक्लो'का निर्माताले विश्व प्रतिष्ठित 'कान्स फेस्टिभल'मा स्टल राखेर फिल्मको मार्केटिङ गरेका थिए। त्यसका लागि ५० लाखभन्दा बढी खर्च गरिएको थियो।

'एक्लो'का निर्माताहरू राजुकुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा र बागवीर पुन हुन् भने कार्यकारी निर्मातामा विनोद सुवेदी 'क्षितिज' रहेका छन्। बाबु श्रेष्ठको छायाङ्कन रहेको फिल्ममा राजु तामाङको द्वन्द्व निर्देशन, राजु पेन्टरको सेट डिजाइन तथा सन्तोष लामाको कला निर्देशन छ। फिल्मलाई यही वर्षको अन्त्यसम्म प्रदर्शन गर्ने लक्ष्य राखिएको छ।

गोदावरी नगरपालिका
ललितपुर, बागमती प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
गजेन्द्र महर्जन

उप- प्रमुख
मुना अधिकारी

प्रमुख प्रशासकीय अधिकृत
मान बहादुर खड्का

मेलम्ची नगरपालिका
सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
आइतमान तामाङ

उप- प्रमुख
उमा प्रधान

प्रमुख प्रशासकीय अधिकृत
निमेष मिश्र

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ४१, २०८२ साल जेठ २७ गते मंगलबार (JUN 10, 2025)

# जेभियर इन्टरनेशनल स्कूललाई १३ वटा फोटोन माउन्टेन इभी भ्यान हस्तान्तरण




काठमाडौं- एमएडब्लु वृद्धि कमर्सियल भेइकलले जेभियर इन्टरनेशनल स्कूललाई १३ वटा नयाँ फोटोन माउन्टेन ईलेक्ट्रिक स्कूल भ्यानहरू हस्तान्तरण गरेको छ, जसले वातावरणमैत्री यातायाततर्फ स्कूलको महत्वपूर्ण कदमलाई दर्शाउँछ ।

यो औपचारिक साँचो हस्तान्तरण कार्यक्रम काठमाडौंमा आयोजना गरिएको थियो, जसमा एमएडब्लु वृद्धि र जेभियर स्कूलका प्रतिनिधिहरूको उपस्थिति थियो ।

फोटोन माउन्टेन इभी एक आधुनिक, प्रदूषणमुक्त भ्यान हो, जुन भरपर्दो प्रदर्शन, सहजता र ऊर्जा दक्षताको लागि डिजाइन गरिएको छ विशेषगरी विद्यालयका विद्यार्थीहरूको सुरक्षित र भरपर्दो यातायातका लागि उपयुक्त यसमा ५३.५८ किलोवाटको सीएटीएल ब्याट्री र १३० किलोवाट क्षमताको मोटर जडान गरिएको छ, जसले ३३० एनएम सम्मको टर्क दिन्छ र चुनौतिपूर्ण बाटाहरूमा सहजता प्रदान गर्छ । यसले उकालो चढ्नका लागि २५५ ग्रेडियाबिलिटी क्षमतासहित पहाडी तथा सहरी बाटोहरूमा सहजता प्रदान गर्छ ।

यो भ्यानको चौडा भित्री भाग, कम सञ्चालन खर्च र वातावरणमैत्री प्रविधिले जेभियर ईन्टरनेसनल स्कुलजस्ता विद्यालयका लागि दीर्घकालीन र स्मार्ट समाधान बनाएको छ ।

यी भ्यानहरू एमएडब्लु वृद्धिका सीईओ तुषार गुप्ता र सेल्स हेड नवीन आचार्यले विद्यालयलाई हस्तान्तरण गरेका हुन् । एमएडब्लु वृद्धि, नेपालमा फोटोन मोटर्सको आधिकारिक आयातकर्ता कम्पनी हो ।

यो कदमले विद्यालयको दिगो विकासप्रतिको प्रतिबद्धतालाई थप पुष्टि गर्दछ । फोटोन माउन्टेन इभीको उत्कृष्ट प्रदर्शन, न्यून सञ्चालन लागत र शून्य प्रदूषण क्षमताले यसलाई विद्यालय यातायातका लागि आदर्श विकल्प बनाएको छ । यस्ता इभी भ्यानले विद्यार्थीहरूलाई सुरक्षित र आरामदायी रूपमा ओसार पसार गर्नुका साथै विद्यालयको कार्बन उत्सर्जन घटाउन सघाउँछन् । ईलेक्ट्रिक मोबिलिटीलाई आत्मसात गरेर, जेभियरले आफ्नो लजिस्टिक्स पूर्वाधारमा सुधार गर्दैछ र अन्य साझेदारहरूको लागि पनि एक उत्कृष्ट मोडेल स्थापित गर्दैछ ।

हस्तान्तरण कार्यक्रममा तुषार गुप्ताले विद्यालयलाई नयाँ सोच कार्यान्वयन गरेकोमा धन्यवाद दिँदै भने, “हामी जेभियर इन्टरनेशनलस्कूलसँगको यस सहकार्यमा गर्व गर्छौं । यी इभी स्कूल भ्यानहरूले आधुनिक यातायातका आवश्यकताहरू पूर्ति गर्नुका साथै वातावरणको पनि ख्याल गर्छन् ।”

# हेल्मेटमा भन्सार ५ प्रतिशत बढेपछि स्वदेशी उत्पादनको बजार बढ्नेमा उद्योगी आशावादी

काठमाडौं- सरकारले आयातित हेल्मेटमा भन्सार महसुल ५ प्रतिशत बढाएपछि स्वदेशी उद्योग आफ्ना उत्पादनको बजार बढ्नेमा आशावादी भएका छन् ।

अर्थमन्त्री विष्णु पौडेलले आर्थिक विधेयकमार्फत आयातित हेल्मेटमा भन्सार महसुल २० प्रतिशत पुऱ्याइदिएपछि स्वदेशमा हेल्मेट उत्पादन गर्दै आएका व्यवसायीहरु आशावादी भएका हुन् ।




आयातित हेल्मेटमा भन्सार महसुल वृद्धिले स्वदेशमा उत्पादन गर्ने उद्योगले केही राहत अनुभव गरेका छन् । कोहिनुर प्लास्टिक इन्ड्रस्ट्रिज (केपीआई) हेल्मेटका प्रबन्ध निर्देशक सुमन बस्यालले आर्थिक विधेयकमा गरिएको व्यवस्थालाई आफूहरुलाई सकारात्मकरुपमा लिएको बताए ।

‘अब केही हदसम्म स्वदेशी उत्पादनको बजार बढाउन सहयोग पुग्छ । आयातित उत्पादनसँग प्रतिस्पर्धा गर्न सकिन्छ भन्ने कन्फिडेन्ट आउँछ । तर, यतिले मात्र पुग्दैन,’ उनले भने ।

नेपाली बजारमा दुईवटा कम्पनीले हेल्मेट उत्पादन गर्दै आएका छन् ।

बस्यालको कम्पनीले मासिक ७० हजार युनिटभन्दा धेरै हेल्मेट उत्पादन गर्दै आएको छ । अहिले नेपाली बजारमा दैनिक औसतमा २५०० युनिट हेल्मेट बिक्री हुने गरेको छ ।

देशभित्र हेल्मेट उत्पादन गर्दै आएको यती हेल्मेटको माउ कम्पनी मयूर स्टील इन्डष्ट्रिजका प्रबन्ध निर्देशक महेश थैब पनि आयातित हेल्मेटमा भन्सार वृद्धिले स्वदेशी उत्पादनको बजार बढाउन सहयोग पुग्ने बताउँछन् ।

‘हामीले धेरै पहिलेदेखि आयातित हेल्मेटको भन्सार दर कम हुँदा प्रतिस्पर्धा गर्न गाह्रो भएको बताउँदै आएका थियौं । सरकारले यो पटक केही हदसम्म त्यसलाई सम्बोधन गरेको छ,’ उनले भने, ‘तर यतिले मात्रै पुग्दैन किनभने हामीले ल्याउने कतिपय कच्चा पदार्थमा भन्सार महसुल ३५ प्रतिशतसम्म छ । आयातित हेल्मेटमा अन्तःशुल्क लाग्दैन । कच्चा पदार्थमा लाग्छ । सरकारले यतातर्फ पनि ध्यान दिनुपर्छ ।’

हेल्मेटको बजार लगभग डेढ अर्ब रुपैयाँको छ । बजारमा अहिले वार्षिक १० लाखभन्दा धेरै हेल्मेट आयात हुने गरेको छ ।

हेल्मेट्स नेपालका म्यानेजर कर्ण श्रेष्ठले भन्सार महसुल ५ प्रतिशत बढेका कारण आयात हुने हेल्मेटको मूल्य ७ प्रतिशतसम्म बढ्ने बताए । उनका अनुसार आयातित हेल्मेटको मूल्य गुणस्तरअनुसार ४ हजार रुपैयाँसम्म बढ्नेछ ।

पछिल्ला केही वर्ष मोटरसाइकल र स्कुटरको बिक्रीमा आएको गिरावटको असर हेल्मेटमा पनि परेकामा चालु आवमा दुई पाङ्गेको आयात ७० प्रतिशतसम्मले बढ्दा हेल्मेटको व्यापार बढ्दै गएको व्यवसायीहरु बताउँछन् ।

दुई पाङ्गे सवारी बिक्रेताहरुले पनि बाइक खरिद गर्ने ग्राहकलाई हेल्मेट दिएर पठाउने चलन छ । हेल्मेटको बिजनेस बाइक र स्कुटरको बिक्रीमा निर्भर हुने गर्छ ।

# बीएमडब्लूको नयाँ इलेक्ट्रिक गाडी नेपालमा

काठमाडौं- बीएमडब्लूको नयाँ इलेक्ट्रिक गाडी नेपाल आइपुगेको छ । लक्ष्मी प्रिमियमले उक्त गाडी केही दिनअघि नेपाल ल्याएको हो ।

कम्पनीले उक्त गाडीको केही दिनपछि बिक्री सुरु गर्ने तयारी गरेको छ । यो गाडी नाइमा मोबिलिटी एक्स्पोमा पनि देख्न पाइनेछ ।

यस गाडीमा ६६.५ किलोवाट आवर (युनिट) क्षमताको ब्याट्री उपलब्ध छ । यसले एक पटकको फुल चार्जमा ४७५ किलोमिटर रेन्ज दिन्छ । यसको ब्याट्रीले ११ किलोवाट र १३० किलोवाट क्षमताको चार्जर सपोर्ट गर्छ ।

यसमा १५० किलोवाट क्षमताको मोटर पावर छ । जसले २०४ पीएस पावर प्रदान गर्छ भने २५० एनएम टर्क उत्पादन गर्छ ।

यसको लम्बाइ ४.५ मिटर, उचाइ १.५ मिटर, चौडाइ १.८ मिटर रहेका छन् । यसको ह्विलबेस २.६ मिटरको छ ।

# अटो व्यवसायी सवारी कर्जाको अनुपात बढाउन लबिइङमा

काठमाडौं- अटो व्यवसायीहरु सवारीसाधन खरिदमा ऋण लगानीको अनुपात (लोन टु भ्यालु रिसियो) बढाउन लबिइङमा लागेका छन् ।

नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्व पौडेललाई भेटेर तीन बुँदे सुझाव दिएको छ ।

नाइमाले आगामी मौद्रिक नीतिमा सबै प्रकारका सवारीसाधनका लागि लोन टु भ्यालु रेसियो ८० प्रतिशत कायम गर्न सुझाव दिएको छ ।

‘कर्जा अनुपात व्यवस्थालाई अन्तर्राष्ट्रिय मापदण्ड, सवारीको प्रकृति र बजारको माग अनुसार पुनरवलोकन गरिदिन अनुरोध गर्दछौं । सबै प्रकारका सवारीका लागि ८० प्रतिशत ऋण प्रवाह गर्ने व्यवस्था मिलाउन आग्रह छ । यस्तो नीतिले ग्राहकलाई सहज हुनुका साथै अटो बजार विस्तार र देशको समग्र आर्थिक लक्ष्य हासिल गर्न टेवा पुग्नेछ,’ नाइमाले भनेको छ ।

राष्ट्र बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत गत फागुनमा इभीमा लोन टु भ्यालु रेसियो ८० बाट ६० प्रतिशतमा झारेको थियो । इन्धन गाडिमा पनि लोन टु भ्यालु रेसियो ६० प्रतिशत नै छ ।

नाइमाले चीनमा उत्पादन भई चीनबाट नै ढुवानी हुने अवस्थामा लाभग्राही कम्पनी जुनसुकै देशको भए पनि आयातकर्तालाई चिनियाँ युआनमा एलसी खोल्न अनुमति दिन पनि राष्ट्र बैंक समक्ष आग्रह गरेको छ ।



हाल चिनियाँ सवारी साधनका लागि चीनमा अवस्थित चिनियाँ कम्पनीलाई मात्र चिनियाँ युआनमा एलसी खोल्न आयातकर्तालाई अनुमति छ । लाभग्राही कम्पनी चिनियाँ नभएमा युआनमा एलसी खोल्न पाइँदैन ।

नाइमाले सवारीसाधनमा जोखिम भार १०० प्रतिशतबाट ७५ प्रतिशतमा झार्न सुझाव दिएको छ । ‘सवारी साधनको मूल्य टिकाउ र पुनर्बिक्री सम्भावना राम्रो भएकाले यो परिवर्तनले कर्जा सजिलै उपलब्ध गराउन मद्दत गर्नेछ । यसले बजारलाई बढावा दिन्छ र वित्तीय सुरक्षा पनि कायम राख्छ,’ नाइमाले भनेको छ ।


## गोकर्णेश्वर नगरपालिका
जोरपाटी, बागमती प्रदेश, नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
दिपक कुमार रिसाल

उप- प्रमुख
साननानी लामा

प्रमुख प्रशासकीय अधिकृत
यमनारायन गौली

## मेलमिलापबाट विवादको समाधान गरौं ।

मेलमिलापबाट:

- विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- सम्बद्ध पक्षले आफ्नो इच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- आपसी सम्बन्ध सुधार हुन सक्छ,
- सम्बद्ध सबै पक्षलाई जितको अनुभव गराउँछ,
- तटस्थ र निष्पक्ष रुपमा विवादको समाधान हुन सक्छ,

विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरूलाई पनि उत्प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## तादी गाउँपालिका
बागमती प्रदेश, नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष
सन्तमान तामाङ

उपाध्यक्ष
सन्जु प्याकुरेल

प्रमुख प्रशासकीय अधिकृत
ध्रुब खनाल


जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार